CR019-3C

मानवअधिकार रक्षकको अधिकार

मानवअधिकार रक्षकको अधिकार

(मानवअधिकार रक्षक सम्बन्धी आधारभूत प्रश्नहरु,
साझा धारा ३,
संयुक्त राष्ट्रसंघका विशेष समाधिकक्षबारे सोधिने १७ प्रश्नहरु,
मानवअधिकार रक्षकहरुका बारेमा संयुक्त राष्ट्रसंघका महासचिवका
विशेष प्रतिनिधि समक्ष प्रस्तुत गरिने उजूरी निवेदन,
निवेदनकालागि निर्देशिका,
पेरिस घोषणापत्र र विश्वव्यापी घोषणापत्र)

इन्सेक
insec
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६,
फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेवसाइट : www.insec.org.np

मानवअधिकार रक्षकको अधिकार

प्रकाशन मिति : २०६० जेठ

संख्या : १००० प्रति

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुरक्षित

मूल्य : ३०/-

मुद्रक :

सुनकोशी छापाखाना प्रा. लि.
मैतिदेवी, काठमाण्डौ
फोन ४४२२०९१

भूमिका

मानवअधिकार रक्षकहरु अग्रपंक्तिमा रहेर मानवअधिकारको रक्षा, सम्बर्द्धन र वहालीका लागि कार्यरत रहन्छन्। अर्थात् उनीहरु मानवअधिकारका विश्वव्यापी मान्यताहरुलाई यथार्थतामा परिणत गर्ने सामाजिक परिवर्तनको अभियानमा सक्रिय छन्। मानवअधिकार रक्षकहरुको साहसका लागि यससँग सरोकार राख्ने सबै पक्षको सहयोग, सद्भाव र ऐक्यबद्धता अपरिहार्य हुन्छ।

मानवअधिकार रक्षकहरुको अधिकार राज्य तथा गैरराज्य पक्षबाट उल्लंघन भइरहेको हुन्छ। त्यस्तो अवस्थामा अपनाउनु पर्ने उजूरी प्रकृया, उजूरी गर्नुपर्ने निकायका साथै मानवअधिकार रक्षकहरुको अधिकारका बारेमा पनि यस पुस्तिकामा चर्चा गरिएको छ। यस पुस्तिकाले मानवअधिकार रक्षकको परिभाषादेखि लिएर उनीहरुको योगदानका साथै संयुक्त राष्ट्रसंघका विशेष समाधिक्षकसम्बन्धी सवालहरु पनि प्रश्नोत्तर रुपमा प्रकाश पारेको छ। सन् १९९८ डिसेम्बर १० मा मानवअधिकार रक्षकहरुको सम्मेलनले पारित गरेको पेरिस घोषणा र मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ पनि यसमा समेटिएको छ।

मानवअधिकार रक्षकहरुको मानवअधिकार संरक्षणको सवाल अहिलेको ज्वलन्त विषय हो। विश्वभर मानवअधिकार रक्षकहरुको अधिकार हननका घटनाहरु भइरहेको अवस्थामा यो विषय बढी सान्दर्भिक भएर अगाडि आएको छ। नेपालमा पनि यस विषयमा जनचासो बढाउन तथा मानवअधिकार रक्षकहरु स्वयम्लाई पनि यस विषयमा जानकार बनाउन यो पुस्तिकाले सहयोग प्रदान गर्नेछ र कुनै पनि अवस्थामा मानवअधिकार रक्षकहरुको अधिकार हनन हुन नदिनतर्फ सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएका छौं।

यस पुस्तक तयार पार्न सहयोग पुऱ्याउनु हुने इन्सेकका साथीहरु योगिश खरेल, टिका लम्साल, बालकृष्ण कट्टेल, कामदेव खनाल र प्रकाश भट्टराई लयायत् कम्प्युटर सम्बन्धी कार्य गर्नुहुने गीता माली धन्यवादका पात्र हुनुहुन्छ।

२०६० जेठ

सुबोधराज प्याकुरेल
अध्यक्ष

विषय-सूची

१. मानवअधिकार रक्षक सम्बन्धी आधारभूत प्रश्नहरु / १

२. साझा धारा ३ / ८

३. संयुक्त राष्ट्रसंघका विशेष समाधिकक्षबारे सोधिने १७ प्रश्नहरु / ९

४. मानवअधिकार रक्षकहरुका बारेमा संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि समक्ष प्रस्तुत गरिने उजूरी निवेदन / ३१

५. निवेदनकालागि निर्देशिका / ३४

६. पेरिस घोषणापत्र / ३९

७. विश्वव्यापी घोषणापत्र / ४५

मानवअधिकार रक्षक सम्बन्धी आधारभूत प्रश्नहरू

० मानवअधिकार रक्षक को हुन् ?

समाजमा जस्तोसुकै भूमिका रहे पनि व्यक्तिगतरुपमा या अरुसगँको समन्वयमा राष्ट्रिय या अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार र आधारभूत स्वतन्त्रताहरू प्राप्ति र संरक्षणकालागि सघंर्ष र सम्बर्द्धन गर्ने जुनसुकै व्यक्ति मानवअधिकार रक्षक कहलाउँछ ।

मानवअधिकर रक्षकरु गैरसरकारी संस्थाहरूकालागि काम गर्ने हुनसक्छन् । ती मानिसहरू या अधिकारीहरू नै मानवअधिकार रक्षकहरू कहलाउँछन्, जसले मानिस वा समुदायका मानवअधिकारहरूको संरक्षण, सम्बर्द्धन र बहाली गर्नु आफ्नो कर्तव्य सम्झेर काम गर्दछन् ।

शान्ति र प्रजातान्त्रिक मूल्यहरूको रक्षा र निरीक्षणको निमित्त कार्य गर्ने मानिस होउन् या मजदूरहरूको अधिकारको रक्षाको निमित्त काम गर्ने यूनियनका कार्यकर्ताहरू वा महिला, बालबालिका, आदिवासी, अल्पसंख्यक तथा पिछडिएका वर्गका मानिसहरूको अधिकारको निमित्त काम गर्ने नेता, समाजिक संगठनका प्रतिनिधिहरू र किसानहरू होऊन्, ती सबै मानिसहरू मानवअधिकार रक्षकहरू हुन सक्छन् ।

यसका साथसाथै सरकारी कार्यालयमा काम गर्ने अधिकारीहरूदेखि लिएर राज्यमा रहेका मानवअधिकार संस्थाका प्रतिनिधि, सार्वजनिक रक्षकहरू र स्थानीय तहका कर्मचारी समेत मानवअधिकार रक्षकहरू हुन सक्छन् ।

० मानवअधिकार रक्षकले समाजमा के योगदान गर्दछन् ?

मानवअधिकार रक्षकले आफ्नो व्यक्तिगत अधिकारहरू मात्र नभएर अन्य व्यक्ति या समुदायहरूका समेत अधिकारहरूको संरक्षणको निमित्त काम गर्ने

भएकाले, उनीहरूले समाजमा विभिन्न तवरले योगदान पुऱ्याईरहेका हुन्छन् ।

मानवअधिकार रक्षकहरूले एकातर्फ समाज र जनतामा, उनीहरूका आफ)ना अधिकारहरूलाई समग्ररुपमा सशक्त तुल्याउन, जनचेतना जगाउने देखि लिएर ती अधिकारहरूको उल्लंघन र धम्की विरुद्ध सूचना प्रवाह गर्दछन् भने अर्कातर्फ मानवअधिकारको सम्मान गर्न र मानवअधिकारलाई सम्पूर्ण जनताकोलागि यथार्थ तुल्याउन मद्दत गर्ने मापदण्डहरू ग्रहण गर्न, राज्य र समाजलाई संवेदनशील बनाउन सहयोग गर्ने कार्य गर्दछन् ।

त्यति मात्र होइन, समाजमा आधारभूत तथा विश्वव्यापीरुपमा मानिसका अधिकार तथा स्वतन्त्रताको निरीक्षण, समझ्दारी र चेतना फैलाउने काम पनि मानवअधिकार रक्षकहरूले गर्दछन् । यस प्रकार उनीहरूले सहिष्णुताका साथ नागरिकहरूको अधिकार प्राप्तिको आन्दोलनमा भूमिका निर्वाह गर्ने भएकाले, मानवअधिकार रक्षकहरू शान्तिकामी जनता र प्रजातन्त्रको विकासका निमित्त अपरिहार्य हुन पुगेका छन् ।

कोलम्बियाको संवैधानिक अदालतले "संक्षिप्तमा शान्ति भनेको अरु केही नभई मानवअधिकाहरूको औचित्यपूर्ण सम्मान हो" भन्ने कुराको ठहर गरेको छ । मानवअधिकार रक्षकहरूले यसरी शान्ति प्राप्तीको निमित्त योगदान गर्दछन्, किन कि शान्ति तब मात्र प्राप्त गर्न र पूर्णरुपले महसूस गर्न सकिन्छ, जब मानव जातिकै उल्लंघन गर्न नसकिने विश्वव्यापी अधिकारहरूको अज्ञानता र घृणाको कारण पैदा भएका बर्बरतापूर्ण क्रियाकलापहरूसँग जुध्नु नपर्ने हुन्छ ।

० मानवअधिकार रक्षकसँग के के अधिकारहरू छन् ?

प्रत्येक व्यक्तिलाई व्यक्तिगत वा सामूहिकरुपमा मानवअधिकाहरू तथा आधारभूत स्वतन्त्रताहरूको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार छ । अन्य अधिकारहरू मध्ये यसभित्र निम्नलिखित अधिकारहरू पर्दछन् :-

(क) शान्तिपूर्ण विरोधहरू र भेटघाटहरूमा सहभागी हुने ।

(ख) संगठनहरू, समूहहरू र गैरसरकारी संस्थाहरूमा भाग लिने ।

(ग) अन्तर-सरकारी तथा गैरसरकारी संगठनहरूसित संचार सम्पर्क गर्ने तथा सम्बन्धन प्राप्त गर्ने ।

(घ) आधारभूत स्वतन्त्रताहरू र मानवअधिकारहरूको बारेमा जानकारी हासिल गर्ने, संकलन गर्ने, प्राप्त गर्ने तथा ग्रहण गर्ने ।

(ङ) मानवअधिकारको सम्बन्धमा अध्ययन तथा बहस गर्ने, सर्वसाधारणलाई मानवअधिकारको बारेमा जानकारी गराउने तथा शिक्षा दिने ।

(च) मानवअधिकार उल्लंघनका बखतमा प्राप्त हुन सक्ने उपयुक्त सहयोग र संरक्षण गर्ने ।

(छ) शासनकर्ताको आड र भरोसामा राज्यका अधिकारीहरूद्वारा भए-गरिएका मानवअधिकार उल्लंघन सम्बन्धी क्रियाकलापहरू तथा नीतिहरूको आलोचना गर्ने ।

(ज) मानवअधिकारको सम्मानको सुधार गर्न सिफारिश तथा सुझाव दिने ।

० राज्यले के के मापदण्डहरू अपनाउनु पर्छ ?

मौलिक अधिकारहरूको सम्मान र सम्बर्द्धनकालागि राज्यले उपयुक्त कानुनी, न्यायिक, प्रशासनिक लगायतका सबै खाले मापदण्डहरू अख्तियार गर्नुपर्दछ । यस्ता सबै खाले अधिकार र स्वतन्त्रताहरूको उपभोग गर्न माथि उल्लिखित मापदण्डहरूले व्यक्तिगतरुपमा वा अरुको समन्वयमा सामाजिक, आर्थिक, राजनीतिक सांस्कृतिक साथसाथै जनताकालागि आवश्यक शर्तहरूको ग्यारेन्टी गर्ने उद्देश्य राख्दछन् ।

नीतिहरूको कार्यान्वयन विकास र पर्याप्त श्रोतहरूको परिचालन गरेर मानवअधिकार संरक्षकहरूको अधिकारको अभ्यास गर्ने कार्यलाई सम्मान र प्रत्याभूति गर्नुका साथै उनीहरूका संस्थाहरू र क्रियाकलापहरूलाई संरक्षण गर्ने कार्य समेत राज्यले गर्नुपर्दछ । साथै मानवअधिकार रक्षकहरूको अधिकारको उपभोग र वैधानिकतालाई खतरामा पार्ने खालका बाधा व्यवधान र धम्कीहरूको पहिचान गरी, उनीहरूका अधिकारको उल्लंघनलाई पनि राज्यले रोक्नुपर्दछ । मानवअधिकार रक्षकहरू विरुद्ध गरिएका मानवअधिकार उल्लंघनहरूको छानविन गर्ने र त्यस्ता कार्यलाई दण्डित गर्ने काम पनि राज्यको दायित्वभित्र पर्दछ । विशेष गरी शिक्षा, प्रचार-प्रसार र सशक्तीकरणको माध्यमबाट मानवअधिकार रक्षकहरूको कार्यको महत्वलाई सामान्य जनता समक्ष पुऱ्याई, उनीहरूमा चेतना जगाउने काम राज्यले गर्नुपर्दछ ।

० मानवअधिकार रक्षकहरूकालागि संयुक्त राष्ट्रसंघका महासचिवको विशेष दूतको व्यवस्था किन गरियो ?

विश्वमा मानवअधिकारको रक्षा र सम्बर्द्धनकालागि काम गर्ने मानिस तथा गैरसरकारी संस्थाहरूलाई विभिन्न खाले धम्की, हतोत्साह, खतरा, गैरकानुनी धरपकड र हत्या आदिको शिकार बनाइएको घटना अन्तर्राष्ट्रिय समुदायकोलागि चासोको विषय बनेको थियो । यी व्यक्ति, समुदाय तथा गैरसरकारी संस्थाहरूले समाजमा निभाएको महत्वपूर्ण भूमिकाको विश्वव्यापी मान्यताले संयुक्त राष्ट्रसंघलाई मानवअधिकार रक्षकहरू सम्बन्धी घोषणा जारी गर्न र एउटा विशेष अन्तर्राष्ट्रिय संयन्त्रको सृजना गर्न वाध्य तुल्यायो ।

मानवअधिकार रक्षकहरू र उनीहरूका क्रियाकलाप विरुद्ध गरिने हिंसाका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चेतनाको सम्बर्द्धन गर्ने, मानवअधिकारको र विशेष गरी मानवअधिकार रक्षकको संरक्षण र सम्बर्द्धन गर्नु, उनीहरूको दायित्वको बारेमा सरकारलाई स्मरण गराउने जस्ता कार्यमा संयुक्त राष्ट्रसंघका विशेष प्रतिनिधिले घोषणा जारी गरेदेखि नै समन्वयकारी भूमिका निर्वाह गर्दै आएका छन् । मानवअधिकार रक्षकहरूको कार्यको मान्यता र संरक्षणलाई विश्वव्यापी तुल्याउन यो संयन्त्र एउटा महत्वपूर्ण र आवश्यक कदम सावित भएको छ ।

० मानवअधिकार रक्षक सम्बन्धी विशेष प्रतिनिधिको कार्य के हो ?

मानवअधिकार रक्षकहरू सम्बन्धी संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधिले विश्वभरका मानवअधिकार रक्षकहरूको अवस्थाका साथै उनीहरूको संरक्षण सुधारार्थ संभावित उपायहरूको बारेमा संयुक्त राष्ट्र संघको घोषणासँग मेल खाने गरी जानकारी उपलब्ध गराउनु पर्दछ ।

यस प्रकार मानवअधिकारको संभावित उल्लंघन तथा तिनीहरूको अवस्थाको बारेमा जानकारी लिने, संकलन गर्ने, निरीक्षण गर्ने, घोषणाको प्रभावकारी कार्यन्वयन र सम्बर्द्धनकोलागि अरुसँग मिलेर काम गर्ने तथा रक्षकहरूको सम्बर्द्धन गर्न प्रभावकारी रणनीतिहरूको सिफारिश गर्ने जस्ता कार्यहरू विशेष प्रतिनिधिले गर्नुपर्दछ ।

रक्षकहरूका अधिकारहरूको उल्लंघन भएका बखत जवाफदेही हुने मात्र नभएर, उनीहरूको सुरक्षा गंभीर खतरामा परेको र उनीहरूको कार्यमा अवरोध पैदा भएको बखत, उपयुक्त निकास सुल्झाउने काम समेत विशेष प्रतिनिधिको दायित्व हुनआउँछ। यस कार्यकोलागि विशेष प्रतिनिधिले रक्षकहरू विरुद्ध गरिने अत्याचारलाई निम्त्याउन सक्ने परिस्थितिहरूलाई रोक्नका निमित्त उपयुक्त रणनीति, मापदण्ड अपनाएर पहल गर्नुपर्दछ।

शीघ्र सूचनाको माध्यमद्वारा रक्षकहरूका अधिकारहरूको उल्लंघन सम्बन्धी उजूरीहरू लिने तथा उक्त उजूरीहरू बारे जानकारी उपलब्ध गराउने तथा उपयुक्त कारवाहीको माँग गर्ने जस्ता कार्यहरू, विशेष प्रतिनिधिको कार्यपद्धतिभित्र पर्दछन्। यसका अतिरिक्त देश तथा स्थलगत भ्रमणहरूको संभाव्यता तथा प्रेस विज्ञप्ति जारी गर्ने जस्ता कामहरू पनि उनका पद्धतिभित्र पर्दछन्।

यसैगरी, रक्षकहरूलाई प्रभाव पार्ने प्रकृति, प्रयोग तथा मापदण्डहरूका विरुद्ध प्रभावकारीरुपमा चेतना जगाउन र संघर्ष गर्नुका साथै रक्षकहरूको संरक्षणका निमित्त एउटा प्रभावकारी रणनीति तर्जुमा गर्न योगदान दिन प्रयोग गरिने छानविन तथा विशेष अध्ययन जस्ता कार्यहरू विशेषप्रतिनिधिले प्रयोग गर्नसक्ने अन्य साधन हुन्।

० आफ्नो कार्यअधिकारको ढाँचाभित्र पर्ने गरी मानवअधिकार रक्षकहरू सम्बन्धी विशेष प्रतिनिधिले किन मुलुकहरूको भ्रमण गर्दछन् ?

विभिन्न मुलुकहरूमा व्यवहारिक रणनीति र प्रस्तावनाको विकासकालागि एउटा ठोस योगदान पुऱ्याएको, विश्लेषण गर्न सक्ने विशेष प्रावधानहरू भएका मुलुकहरूको, विशेष प्रतिनिधिले संयुक्त राष्ट्रसंघका अन्य सचिवहरू, प्रतिनिधिहरू तथा सम्पूर्ण संयन्त्रहरू सरह भ्रमण गर्नसक्ने प्रावधान रहेको छ। भावनामा मात्र नभई मानवअधिकार सम्बन्धी समस्याहरूको गहन अध्ययन गर्नका निमित्त केन्द्रमा मात्र सीमित नरही, यसरी कुनै एउटा मुलुकको भ्रमण गर्नकालागि विशेष प्रतिनिधिले आफ्नो भूमिका र कार्यको विकासको लागि सहयोग गर्नसक्ने उक्त मुलुकको राष्ट्रिय सरकारबाट निमन्त्रणा प्राप्त गर्नुपर्ने हुन्छ।

विशेष प्रतिनिधिले, उच्च दक्षताका साथ आफ्नो कार्यभार सम्पन्न गर्न आफ्नो भ्रमणको समयमा सरकारहरू, सम्बन्धित राष्ट्रका अधिकारीहरू, अन्तर-सरकारी संघ-संस्थाहरूका साथै अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय, गैरसरकारी संघ-संस्थाहरू, प्राज्ञिक संस्थाहरू र व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क कायम गर्दछन् ।

० मानवअधिकार रक्षक सम्बन्धी विशेष प्रतिनिधिलाई मार्ग निर्देशन गर्ने मार्ग निर्देशक नीति र सिद्धान्तहरू के के हुन् ?

सन् १९८८ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाले "विश्वव्यापीरुपमा स्वीकारिएका मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्ने व्यक्ति, समूह तथा समाजका अंगहरूको अधिकार र उत्तरदायित्व सम्बन्धी घोषणा" जारी गऱ्यो ।

उक्त घोषणा पत्रमा रहेका प्रावधानहरू विशेष प्रतिनिधिको वैधानिक परिधि निर्माण गर्ने र मानवअधिकारको विश्वव्यापी घोषणा तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूसँग मेल खाने खालका छन् ।

० विश्वव्यापीरुपमा स्वीकारिएका मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्ने व्यक्ति, समूह तथा समाजका अंगहरूको अधिकार र उत्तरदायित्व सम्बन्धी घोषणाले कस्तो परिकल्पना गर्दछ ?

अन्तर्राष्ट्रिय समुदायले निभाएको महत्वपूर्ण भूमिका साथै, सबै खाले मानवअधिकारको उल्लंघनको प्रभावकारी उन्मूलन र व्यक्ति तथा समुदायहरूको आधारभूत स्वतन्त्रताको संरक्षणकालागि व्यक्ति, समूह तथा संस्थाहरूले गरेका महत्वपूर्ण कार्यहरूलाई मान्यता प्रदान गर्दै घोषणाको शुरुवात भएको छ ।

मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोगका साथै शान्ति र अन्तर्राष्ट्रिय सुरक्षा बीचको सम्बन्धलाई पनि घोषणाले त्यत्तिकै महत्वपूर्णरुपमा स्वीकारेको पाइन्छ । तथापि, शान्ति तथा अन्तर्राष्ट्रिय सुरक्षाको अभावले मानवअधिकारहरूको निरीक्षणको अभावलाई औचित्य प्रदान नगर्ने कुरा भने त्यत्तिकै रुपमा प्रष्ट छ ।

यो अन्तर्राष्ट्रिय दस्तावेजमा उल्लेख गरिएको छ "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

स्तरमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको अनुभूति र संरक्षणकालागि संघर्ष तथा सम्बर्द्धन गर्ने व्यक्तिगत तथा सामूहिक अधिकार प्रत्येक व्यक्तिमा निहित छ ।"

कानुनी, प्रशासनिक तथा घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रता प्राप्तीकालागि आवश्यक अन्य मापदण्डका स्तरहरूको ग्रहण मार्फत मानवअधिकार तथा आधारभूत अधिकारहरूको संरक्षण, सम्बर्द्धन गर्ने र प्रभावकारी बनाउने, राज्यहरूको प्रमुख दायित्वबारे यसले अझ स्पष्ट पारेको छ ।

माथि उल्लिखित प्रतिबद्धताहरू पूरा गर्नकालागि, संयुक्त राष्ट्रसंघको बडापत्र र मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको क्षेत्रमा राज्यका अन्य अन्तर्राष्ट्रिय दायित्व अनुरुप तयार गरिएको घरायसी कानुन नै मानवअधिकारको अभ्यास र स्वरुप निमार्ण गर्न सकिने वैधानिक परिधि भएको कुरा घोषणामा, व्यक्त गरिएको छ । ■

साझा धारा ३

उच्च संविदाकारी पक्षको भूमिमा हुने गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र संघर्षका हकमा संघर्षका हरेक पक्ष न्यूनतम रूपमा निम्नलिखित प्रावधानहरू लागू गर्न बाध्य हुनेछ :-

१) हतियार छाडिसकेका तथा विरामी घाइते थुनाइ वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरू लगायत लडाईमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरूलाई कुनै पनि अवस्थामा जाति, वर्ण, धर्म वा आस्था, लिंग, जन्म वा सम्पत्ति वा त्यस्तै अन्य आधारमा कुनै प्रतिकूल भेदभाव हुने गरी अमानवीय व्यवहार गरिनेछैन ।

यसका लागि निम्नलिखित कार्यहरू हरेक समयमा र हरेक स्थानमा माथि उल्लिखित व्यक्तिहरूका हकमा निषेधित छन् तथा निषेधित रहनेछन् :-

(क) जीवन तथा शरीर विरूद्ध हिंसा, खासगरी, सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना;

(ख) बन्धक बनाउने;

(ग) व्यक्तिको सम्मान माथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरू जस्तै अपमान एवम् निम्न स्तरको व्यवहार;

(घ) सभ्य समाजले अपरिहार्य भनी मान्यता दिएका सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने नियमित अदालतले अघि नै फैसला गरी सकेको अवस्थामा बाहेक सजाय सुनाउने र त्यसको कार्यान्वन गर्ने ।

२) घाइते र विरामीहरूको संकलन र हेरविचार गरिने छ । रेडक्रसको अन्तर्राष्ट्रिय समिति जस्तो निष्पक्ष मानवीय निकायले संघर्षरत पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्न सक्नेछ । संघर्षका पक्षहरूले वर्तमान

महासन्धिका अन्य सबै वा केही प्रावधानहरूलाई विशेष सम्झौताको माध्यमद्वारा थप कार्यान्वयन गर्न प्रयास समेत गर्नुपर्छ ।

माथि उल्लिखित प्रावधानहरूको पालनाले संघर्षरत पक्षहरूको कानूनी हैसियतमा फरक पर्नेछैन । ■

संयुक्त राष्ट्रसंघका विशेष समाधिक्षकबारे सोधिने १७ प्रश्नहरू

परिचय

विश्वभरीका लाखौं मानिसहरूले संयुक्त राष्ट्रसंघलाई, आफ्ना दैनिक जीवनमा प्रभाव पार्ने विभिन्न समस्याहरूको समाधान गर्नकालागि हेर्ने गर्छन । उनीहरुले आफ्नो जीवनस्तरमा सुधार ल्याउन तथा आधारभूत मानवअधिकार र स्वतन्त्रता प्राप्तिकालागि, संयुक्त राष्ट्रसंघबाट कुनै कदम चालियोस् भन्ने अपेक्षा गरेका हुन्छन् । तर मानवअधिकार प्राप्ति र सम्मानकालागि विश्वव्यापी रुपमै अवरोधहरू सृजना भएको हामी पाउँछौं ।

मानवअधिकारको अस्वीकृति नै आज विभिन्न किसिमका द्वन्द्वहरूको मूल कारण बन्न गएको छ । विगतका दशकमा अन्तर्राष्ट्रिय तथा आन्तरिकरुपमा द्वन्द्वहरूको प्रकृतिमा आएको परिवर्तनलाई हेर्ने हो भने ती सबैको सम्बन्ध शान्ति र सुरक्षा, आर्थिक एवं सामाजिक मामिलाहरू, प्रजातान्त्रीकरण, विकास, सुशासन तथा अन्य मानवीय पक्षहरूसँग जोडिएको प्रष्ट हुन्छ । यसै परिप्रेक्षमा, आन्तरिकरुपमा देखा पर्ने द्वन्द्व निराकरणकालागि मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षमताहरूको विकास गर्ने तथा मानवअधिकारको क्षेत्रमा पूर्व चेतावनी दिने संयन्त्रहरूलाई बढी प्राथमिकता दिनु पर्ने कुरालाई विशेष जोड दिइएको छ ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार संयन्त्रले संयुक्त राष्ट्रसंघको पूर्व चेतावनी युक्त प्रणालीलाई अंगीकार गरेको छ । सन् १९४५ मा स्थापना भए

पश्चात मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनकालागि, व्यवस्थित तथा मेहनतपूर्वक यसले काम गरिरहेको छ। मानवअधिकार उल्लंघनका घटना विरुद्ध काम गर्न तथा ध्यानाकर्षण गराउनकालागि अन्तर्राष्ट्रिय समुदायलाई सक्षम बनाएको छ। सन् १९७९ बाट संयुक्त राष्ट्रसंघले एउटा त्यस्तो विशेष संयन्त्रको विकास गरेको छ, जसले मानवअधिकारको दृष्टिकोणबाट कुनै देशको एउटा खास अवस्था वा विषय परीक्षण गर्दछ । संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोगले यसका विशेषज्ञहरूलाई, मानवअधिकारका विशेष मुद्दाहरूमा अध्ययन गर्न अधिकार दिएको छ । यी विशेषज्ञहरू, संयुक्त राष्ट्रसंघका मानवअधिकार सम्बन्धी संयन्त्रहरू वा अधिकारहरू र उक्त प्रणालीका विशेष तरीकाहरूको रचना तथा विकास गरिरहेकाछन् । हुन त हरेक अधिकारीलाई विभिन्न उपाधिहरू दिइएको छ जस्तै विशेष सम्बन्धकर्ता, विशेष प्रतिनिधि वा स्वतन्त्र विशेषज्ञ । र, प्रत्येकलाई " विशेषज्ञहरूको समूहकारुपमा" लिइने गरिन्छ ।

माथि उल्लिखत विशेषज्ञहरूको काम तथा पद्धति बारे आजकाल विभिन्न पक्षहरूबाट विभिन्न किसिमका प्रश्नहरू सोधिन थालिएका छन् । यस्ता जिज्ञासाहरूलाई सकारात्मक संकेतको रुपमा लिइएको छ । यसले सम्बन्धित विशेषज्ञहरूका कामको बढ्दो लोकप्रियतालाई दर्शाउँछ । यो विवरणमा, यी विशेषज्ञहरूको कामको बारेमा बारम्बार सोधिने १७ वटा प्रश्नहरूको उत्तर दिने काम गरिएको छ । यी प्रश्नहरू मध्ये केही संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगको कामका बारेमा तथा यसका उप-आयोगको कामका बारेमा छन् । यसले, त्यस्ता विषयहरूलाई समेत समावेश गरेको छ, जसले विशेषज्ञहरू को हुन्, तिनीहरूले के गर्छन्, कार्यालयसँग तिनीहरूको सम्बन्ध के हो, भन्ने बारेमा समेत जानकारी दिने काम गर्दछ ।

१. मानवअधिकार आयोग भनेको के हो ?

मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषदको आंगिक निकाय हो । संयुक्त राष्ट्रसंघको वडापत्रमा परिषदको क्षेत्राधिकारमा उल्लेख गरिएको छ "मानवअधिकारको सम्बर्द्धन गर्न आर्थिक तथा सामाजिक क्षेत्रमा विभिन्न आयोगहरू स्थापना गर्न सकिनेछ" । सन् १९४६ मा

भएको आर्थिक तथा सामाजिक परिषदको प्रथम बैठकमा, दुईवटा कार्यात्मक आयोगहरू स्थापना गरिएको थियो । जसमध्ये एउटा मानवअधिकारसँग सम्बन्धित तथा अर्को महिलाको अवस्थाका बारेमा थियो ।

यी आयोगहरू राज्यका प्रतिनिधिहरूको संलग्नतामा स्थापना गरिने निर्णय भएको थियो । मानवअधिकार आयोग, हाल आर्थिक तथा सामाजिक परिषदद्वारा निर्वाचित ५३ वटा विभिन्न राज्यहरूको संगठनको रुपमा रहेको छ ।

यसको स्थापनाको लगत्तै उक्त आयोगले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनकालागि एउटा आङ्गिक निकायको स्थापना गऱ्यो, जो उप-आयोगको रुपमा चिनिन्छ । कुल २६ जना विशेषज्ञ सम्मिलित, उक्त उप-आयोग संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगका सदस्य राष्ट्रहरूबाट निर्वाचित भएका हुन् । यो उप-आयोगले अन्य कार्यहरूका अतिरिक्त, आयोगद्वारा निर्देशित विषयको आधारमा, विभिन्न अध्ययन गरी सिफारिसहरू गर्ने अधिकार प्राप्त गरेकोछ ।

वर्षमा छ हप्ताकालागि मार्च-अप्रील महिनामा जेनेभामा यस आयोगको बैठक बस्ने गर्छ । उप-आयोगको बैठक हरेक वर्षको अगष्ट महिनामा ३ हप्ताकालागि जेनेभामा नै बस्ने गर्छ । मानवअधिकार उच्चायुक्तको कार्यालयले, आयोग तथा उप-आयोग दुवैको सचिवालयको रुपमा कार्य गर्दछ ।

२. आयोगले के काम गर्छ ?

केही वर्ष यतादेखि आयोगको काममा आम परिवर्तन भएको छ । शुरुका वर्षहरूमा विभिन्न मावअधिकार सूचकांकहरूको व्याख्या विश्लेषण गर्न आयोग केद्रित थियो । यसले मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनैतिक अधिकार, सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकार सम्बन्धी अनुबन्ध तयार पार्ने काम गरेको थियो । चाँडै नै आयोगको अगाडि, मानवअधिकार उल्लंघनका घटनाहरूको कसरी सामना गर्ने भन्ने प्रमुख चुनौती देखा पऱ्यो । तर, यसै बीच आर्थिक तथा सामाजिक परिषदले, सन् १९४७ मा एउटा यस्तो प्रस्ताव परित गऱ्यो जसमा मानवअधिकारसँग सम्बन्धित विषयका उजूरीहरूलाई लिएर कुनै पनि किसिमका कारवाही, आयोगले अगाडि बढाउन सक्ने क्षमता छैन भन्ने उल्लेख गरिएको थियो ।

तथापि, सन् १९६५ मा आयोगले दक्षिण अफ्रिकाबाट धेरैवटा व्यक्तिगत अभियोग पत्रहरू प्राप्त गरेको थियो । ती अभियोगहरूलाई अगाडि बढाउन धेरै दवावहरू समेत आएका थिए । जातीय विभेदसँग गाँसिएका ती विषयहरुको फैसलाकालागि, आयोगको तौर तरीकाहरूको बढी व्याख्या हुनु पर्ने कुरालाई उल्लिखित अभियोग पत्रहरूले एक किसिमको हलचल ल्याइदियो । तर आयोगको विधान प्रणाली, सन् १९६७ मा दक्षिणी अफ्रिकाको मानवअधिकार अवस्थाको छानबीन गर्नकालागि आयोगद्वारा विशेषज्ञहरूको एउटा समूह गठन पश्चात परिवर्तन भएको थियो । दक्षिण अफ्रिकी समस्याको समाधान गर्नकालागि सन् १९७५ सम्म लागेको थियो । उक्त समय सम्म आयोग अर्को अवस्था बारे समेत सुन्नकालागि सक्षम भएको थियो । सन् १९७३ मा चिलीका तत्कालीन राष्ट्रपति एलेन्डेलाई पदमुक्त गरी जनरल अगष्टो पिनोसेटले गरेको सैनिक विद्रोहका बारेमा छानबीन गरी, चिलीको मानवअधिकारको स्थिति प्रकाशमा ल्याउन, आयोगले विभिन्न विशेषज्ञ सम्मिलित एउटा तसर्थ समूह गठन गरेको थियो । उक्त तदर्थ समूह सन् १९७९ मा गएर एक जना विशेष प्रतिवेदक र दुई जना विशेषज्ञको समूहमा प्रतिस्थापित भयो, जसले चिलिमा बेपत्ता परिएकाहरूको बारेमा अध्ययन गऱ्यो ।

सन् १९८० मा आएर आयोगले बेपत्ता सम्बन्धी काम गर्न एउटा कार्य समूहको गठन गऱ्यो जसको मुख्य काम विश्वभरी हुने गरेका जबरजस्ती बेपत्ता सम्बन्धी उठेका प्रश्नहरूका बारेमा समाधान खोज्नु थियो । यी कार्यहरूको लगत्तै, विश्वका विभिन्न भागमा देखा परेका मानवअधिकारका चुनौतीहरूको सामना गर्ने सवालमा विभिन्न विशेषज्ञ सम्मिलित संयन्त्रहरूको स्थापना गर्न कम अनिच्छुक देखिन गएको छ । यस्ता संयन्त्रहरूले नयाँ तरीकाले प्रगतीशीलरुपमा, मानवअधिकार उल्लंघनका बढ्दो घटनाहरूलाई समेत सहजताका साथ अंगीकार गरेको थियो ।

आयोगले विशिष्ट अवस्थाहरूको परीक्षण गर्न मानवअधिकार विशेषज्ञहरूसँग सहयोगका लागि अनुरोध गर्नेगर्दछ । यी विशेषज्ञले गर्नुका कामले मानवअधिकारका सिद्धान्तलाई व्यवहारमा कसरी उतार्न सकिन्छ भन्ने आवश्यक विश्लेषण उपलब्ध गराएको छ । यसले अन्तसरकारी स्तरमा गहन

छलफल चलाउन आधार निर्माण गरेको छ । यसले मौन बसेका पीडितहरुलाई वाणी प्रदान गुंका साथै मानवअधिकार संरक्षणकालागि सरकारसँग वार्ता गर्न आधार निर्माण गरेको छ ।

मानवअधिकार आयोगको वार्षिक साधारण सभामा विशेषज्ञरुको कामका बारेमा छलफल हुने गर्छ । करीब एकतिहाइ विशेषज्ञहरूले न्यूयोर्कमा हुने संयुक्त राष्ट्र संधको महासभामा समेत, आफ्ना कामको विवरण प्रस्तुत गर्ने गर्दछन् । केही विशेषज्ञहरूले अनौपचारिकरुपमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद समक्ष आफ्नो कामको संक्षिप्त विवरण प्रस्तुत गर्ने गर्दछन् ।

३. आयोगको वर्तमान अधिकार क्षेत्र के हो ?

स्थापनाकाल भन्दा, त्यसपछिका वर्षहरूमा संयुक्त राष्ट्रसंघका मानवअधिकार संयन्त्र निकै फराकिलो बन्न गएको छ । सन् २००० को नोभेम्बर सम्ममा ४३ जना महिला तथा पुरुषले संयुक्त राष्ट्रसंघको मानवअधिकार विशेषज्ञको रुपमा काम गरिसकेका छन् । यिनीहरूले बृहत्रुपमा नागरिक, राजनैतिक, सामाजिक, साँस्कृतिक र आर्थिक विषयका ३६ वटा कार्यक्षेत्रलाई समेट्दछन् ।

एउटा बाहेक अन्य सम्पूर्ण अधिकारहरू मानवअधिकार आयोगद्वारा निमार्ण गरिएका थिए । सशस्त्र युद्धमा बालबालिका सम्बन्धी कार्य आदेश संयुक्त राष्ट्रसंघको महासभाले निर्माण गरेको हो ।

सन् १९६७ को दक्षिण अफ्रीकामा काम गरे विभिन्न देशका विशेष अवस्थाहरूमा कार्य गर्दै, आयोगले आफ्नो लामो परम्परा स्थापना गरिसकेको छ । १४ जना विशेषज्ञ, १४ वटा विभिन्न देशका विशेष अधिकार प्राप्त विशेषज्ञको रुपमा यी अधिकारीहरू विषयगत आधारमा परिपूर्ति गरिएका हुन् । यिनीहरूले नागरिक, राजनैतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारसँग सम्बन्धित विभिन्न २२ वटा विषयलाई ओगट्छन् । अगाडि उल्लेख गरिए जस्तै सबभन्दा पुरानो र हाल विद्यमान अधिकारक्षेत्र भनेको" जवर्जस्ती बेपत्ता" सम्बन्धी हो, जुन सन् १९८० मा स्थापित भएको थियो । त्यसपछि नागरिक तथा राजनैतिक अधिकारका मुद्दाहरूमा आयोग केन्द्रित रहेको थियो । हाल

सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकारका क्षेत्रमा समेत ध्यान केन्द्रित गर्न थालिएको छ । वास्तवमा सन् १९९५ देखि तयार पारिएका सम्पूर्ण कार्य आदेश आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका क्षेत्रमा केन्द्रित रहेका छन् ।

सामान्यतया यस्ता अधिकारहरू कुनै विशेषज्ञलाई हस्तान्तरण गरिन्छ । प्रकृतिको कारणले गर्दा "विचारणीय" विषयको रुपमा राख्नु पर्ने मुद्दाका विषयहरूकालागि आयोगले विशेषज्ञहरूको एउटा समूह स्थापना गर्नेगर्छ । यस्ता कार्य समूहमा पाँच जना सदस्य सम्मिलित हुन्छन् र संयुक्त राष्ट्रसंघका पाँचवटा क्षेत्रीय समूहः अफ्रिका, एसिया, ल्याटिन अमेरिका र क्यारेवियन, पूर्वी यूरोप र पश्चिम समूहका एक-एक जना प्रतिनिधि सम्मिलित हुन्छन् । दुइवटा यस्ता किसिमका कार्य समूह छ । जसमध्ये एउटा बाध्यकारी बेपत्ताका घटनाहरूमा र अर्को गैरकानुनी गिरफ्तारीको क्षेत्रमा छन् ।

हालैका वर्षमा विश्वका धेरै देशहरूले मानवअधिकार कार्य तथा विकाससँग सम्बन्धित मामलामा केन्द्रित गर्न खोजिरहेका छन् । त्यसैकारणले विकासको अधिकार र संरचनात्मक समायोजनका मामलाहरूले हिजोआज अतिरिक्त ध्यानाकर्षण प्राप्त गरिरहेको छ । यी प्रत्येक मुद्दामा, दुई तहको संयन्त्रको व्यवस्था गरिएको छ जसले एक तहमा विशेषज्ञहरूलाई तथा अर्को तहमा अन्तरसरकारी कार्य समूहलाई समावेश गर्दछ ।

४. विशेषज्ञ को हुन् ?

सम्पूर्ण ४३ जना विशेषज्ञ, जीवनका विभिन्न क्षेत्रका मानवअधिकारका हस्तीहरू छन् । यिनीहरू उच्च कानुनी ओहदाका व्यक्तिहरू, प्राज्ञहरू, वकिल तथा अर्थशास्त्रीहरू, हालसालै वा विगतमा गैरसरकारी संस्थामा काम गरेका व्यक्तिहरू र संयुक्त राष्ट्रसंघमा विगतमा काम गरेका वरिष्ठ व्यक्तिहरू पर्दछन् । तिनीहरू हरेक क्षेत्रबाट प्रतिनिधित्व गर्दछन् । हालैका वर्षमा महिला विशेषज्ञहरूको छनौट गर्न बढी प्रयत्न गरिएको छ । हाल १० जना महिला विशेषज्ञ कार्यरत् छन् ।

हरेक विशेषज्ञलाई दिइने अधिकारहरू फरक फरक भए तापनि सबै किसिमका विशेषज्ञमा एउटा समानता छ । तिनीहरू उच्च प्रतिष्ठा भएका

व्यक्तिहरू हुन्छन् जसले संयुक्त राष्ट्रसंघलाई विना कुनै पारिश्रमिक, गुणस्तरीय सेवा प्रदान गर्न इच्छा गर्दछन् । तिनीहरू, समान प्रकारको कानुनी हैसियत तथा आयोगको एउटै संरचनाभित्र पर्दछन् । तिनीहरूको कार्य फरक फरक हुने भए तापनि, कुनै विशेष अवस्थामा आपसी समझदारीका आधारमा एकै प्रकृतिको कार्य सम्पादन गर्न सक्दछन् । उनीहरूले एकै किसिमको कार्यशैली अपनाउँछन् जसको वर्णन पछि गरिनेछ ।

५. विशेषज्ञलाई किन फरक फरक उपाधि दिइन्छ ?

यो अगाडिनै उल्लेख गरिसकिएको छ- आयोगले विशेषज्ञहरूकालागि धेरै प्रकारका उपाधिहरूको व्यवस्था गरेको छ, यिनीहरूलाई विशेष प्रतिवेदन स्वतन्त्र विशेषज्ञ, महासचिवका प्रतिनिधि वा आयोगका प्रतिनिधि भनिन्छ । यी फरक प्रकृतिका पदहरू न त कुनै कार्यक्षमताको आधारमा विभाजन गरिएको छ, न त उनीहरूलाई दिइएको अधिकारको संकेत हो । यी फरक पदहरू राजनीतिक सहमतिका परिणाम हुन् । सबभन्दा महत्वपूर्ण विषय विशेषज्ञलाई दिइएको अधिकार हो जुन मानवअधिकार आयोगद्वारा प्रस्ताव गरी निमार्ण गरिएको हुन्छ । यी अधिकारहरू विशेषतः हिंसाको बारेमा लेखिएका प्रतिवेदन अथवा समस्याहरूको विश्लेषण अथवा प्रविधिक सहयोगहरूको व्यवस्था वा यी मध्ये कुनै एक वा दुई क्षेत्रहरूलाई समेटेका विषयवस्तुहरूमा केन्द्रित भएका हुन सक्छन् ।

६. विशेषज्ञको छनौट कसले गर्दछ ?

अन्तरसरकारी निकायले विशेषज्ञको छनौट गरी ती विशेषज्ञलाई दिईने अधिकार निर्धारण गर्दछ । आयोगमा विशेष प्रतिवेदक तथा विशेष प्रतिनिधिहरूको चयन विशिष्टगत ढंगले आयोगका सभापतिद्वारा गरिन्छ । हुनत सभापति सम्बन्धित आयोगको प्रशासन प्रमुख हुने चलन भएकोले अन्त्यमा त्यो अधिकार सभापतिकै हुनेगर्दछ । सभापति सामान्यतया राजदूत तहको कुटनीतिज्ञ हुन्छन् । आयोगको सभापति क्षेत्रीय समूहहरूको परिवृतमा रहने गर्दछ र ती क्षेत्रीय समूहहरू आयोगको प्रशासन समूहमा प्रतिनिधित्व गर्दछन् ।

संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको सिफारिसमा महासचिवका विशेष प्रतिनिधि तथा अन्य केही स्वतन्त्र विशेषज्ञहरूको चयन, संयुक्त राष्ट्रसंघका महासचिवले गर्दछन् ।

अधिकारहरूको सर्वस्वीकार्यताका आधारमा विशेषज्ञहरूको छनौट गर्नु साह्रै अप्ठयारो कार्य हो । यिनीहरू उच्च प्रतिष्ठा भएका तथा मानवअधिकारको क्षेत्रमा गहिरो अध्ययन भएका व्यक्तिहरू होऊन् भन्ने अपेक्षा गरिन्छ । विशेषज्ञहरूको छनौट प्रक्रियामा तिनीहरू व्यवसायिक तथा व्यक्तिगत क्षमतालाई विचार गरी सोही अनुसार निर्धारण गरिएको हुनुपर्दछ । जस अन्तर्गत, दिइएको अधिकार क्षेत्रमा उसको विशेषता र अनुभव, इमान्दार, समझदार तथा निष्पक्ष हुनु जरुरी छ ।

७. के विशेषज्ञको कार्यको कुनै निश्चित समयावधि हुन्छ ?

विशेषज्ञहरूले प्राप्त गर्ने कुनै राष्ट्र विशेषका अधिकारहरूलाई हरेक वर्ष पुनरावलोकन गरिन्छ । त्यसैगरी विषयगत अधिकारहरूलाई, हरेक तीन वर्षमा आयोगले पुनरावलोकन गर्दछ । ती अधिकारहरूको निरन्तरताकालागि आयोगले स्वीकृति प्राप्त गर्नुपर्दछ विशेषगरी अधिकारको नवीकरण गर्नकालागि र यसको क्षेत्रको पहिचान गर्नकालागि ।

कहिलेकाँही कुनै कुनै देशहरूबाट ती देशको मानवअधिकारको स्थिति अत्यन्त गम्भीर रहेको कुराको अभिलेख राखिएको जानकारी भएको अवस्थामा विशेषज्ञहरूको कार्यालय उक्त देशबाट हटाउन दवाव समेत आउने गर्दछ । यस्तो अवस्थामा आयोगको सभापतिले कुनै विशेषज्ञलाई हटाएको कुनै पनि उदाहरण छैन । सन् १९९९ सम्मको तथ्याङ्कलाई हेर्दा व्यक्तिगत विशेषज्ञहरूले प्राप्त गरेको अधिकारहरूको निरन्तरता कायम रहे सम्म कार्य गर्न पाउने व्यवस्था रहेको देखिन्छ ।

तर सन् १९९९ को अप्रीलमा आएर आयोगले हरेक विशेषज्ञहरूले बढीमा ६ बर्ष सम्म मात्र सेवा गर्न पाउने व्यवस्था गर्‍यो । कुनै विशेषज्ञको ६ वर्षको पदावधि समाप्त भए तापनि विशेष परिस्थितिमा ३ वर्ष सम्मको कार्यकाल थप गर्न सकिने व्यवस्था समेत गरिएको छ ।

८. विशेषज्ञले पारिश्रमिक लिन्छन् ?

संयुक्त राष्ट्रसंघबाट नियुक्त, मानवअधिकार विशेषज्ञले कुनै पारिश्रमिक तथा अन्य कुनै आर्थिक सहयोग पाउँदैनन् । तिनीहरू मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धता यस र सयुक्त राष्ट्रसंघका पहलबाट त्यस क्षेत्रमा सुधार हुन्छ भन्ने कुरामा विश्वस्त भई काम गर्दछन् ।

९. विशेषज्ञको कार्य पद्धति के हो ?

हरेक अधिकारहरूको कार्य पद्धतिमा केही समानता छ, हुन त यी अधिकारहरूको स्थापना गर्दाको बखत तीनीहरूको ब्याख्या गर्न फरक भाषा प्रयोग गरेको भए तापनि विगतका बर्षहरूमा विशेषज्ञहरूले, ती अधिकारहरूको कार्यान्वयनकालागि विशेष प्रक्रियाहरू तथा पद्धतिहरूको विकास गरेका छन् । सन् १९९९ मा भएको विशेषज्ञको छैठौं बैठकले एउटा विस्तृत कार्य पद्धति सम्मिलित सामाग्री पारित गरेको छ, जुन यसप्रकार छ :-

हरेक विशेषज्ञले आयोग वा संयुक्त राष्ट्रसंघ साधारण सभा जस्ता अन्तर सरकारी निकाय समक्ष तिनीहरूले पत्ता लगाएका तथ्यहरू, निष्कर्ष र सुझावहरू प्रस्तुत गर्ने गर्दछन् । कतिपय विशेषज्ञहरूको कार्यक्षेत्रभित्र अवधारणात्मक अध्ययनहरू मात्र गर्नु आवश्यक हुन्छ भने अरुले चाहिँ बढी व्यवहारिक आफ्नो कार्य गर्दछन् ।

बहुसंख्यक विशेषज्ञहरूको अध्ययन तथा अनुसन्धानका कार्यहरू, विभिन्न देशको भ्रमण गर्ने, मानवअधिकार उल्लघंनबाट पीडित व्यक्तिहरूको गुनासाहरूलाई सुन्ने, त्यसतर्फ विचार विमर्श गर्ने र सरकारहरूका कार्यमा पीडितहरूको तर्फबाट हस्तक्षेप गर्नु हो । कुनै-कुनै मुद्दाहरूमा विशेषज्ञले प्राविधिक सहायताका कार्यक्रमकालागि समेत सिफारिस गरेका छन् ।

क. **आकस्मिक अपील** :- पीडितहरूको पक्ष लिएर मानवअधिकार उल्लंघनका घटना विरुद्ध आवाज उठाउनु, मानवअधिकार सम्बन्धी कार्यको महत्वपूर्ण पक्ष हो । एउटा संकेत, जसले मानवअधिकार उल्लंघनका घटनाहरूबाट संयुक्त राष्ट्रसंघको ध्यानकर्षण भएको छ अथवा संयुक्त राष्ट्रसंघबाट उक्त समस्याको गम्भीररुपमा छानबीन हुनेछ भन्ने कुराहरू उठाएको आधारमा समेत ज्यादतीहरू रोक्नकालागि पर्याप्त

मद्दत पुग्दछ । कुनै गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाहरू हुन लागिरहेको छ भने, त्यस्तो अवस्थामा सरकारलाई आकस्मिक अपील पठाउने कार्य, विशेषज्ञहरूले गर्दछन । समान्यतया यसबारे आयोगमा समेत जानकारी गराउने गर्दछन् । केही विशेषज्ञले, करीब १०० वटा यस्ता अपीलहरू र हस्तक्षेपहरू प्रति वर्ष पठाउने गर्दछन् ।

यसो गर्दा उनीहरूले पारदर्शिता र विश्वसनीयताका सिद्धान्तहरू अवलम्बन गर्दछन् । तिनीहरूले प्राप्त सूचनाको श्रोतलाई र सरकारी पक्षको गम्भीरतालाई उत्तिकै अवसरहरू दिने प्रयास गर्दछन् । कतिपय घटनाहरूमा विभिन्न विशेषज्ञहरूसँग सम्बन्धित अधिकारहरूको हनन् हुने गर्छ । यस्तो अवस्थामा विशेषज्ञहरूलाई तिनिहरूको कार्यको समन्वय गर्न, उत्साहित गरिएको छ ।

ख. **देश भ्रमण :-** कुनै विशेष मुलकसँग सम्बन्धित कार्य गर्न, अधिकार प्राप्त विशेषज्ञहरूले उक्त देशको भ्रमण गर्नु एउटा प्राथमिक काम हो । यदि सम्बन्धित मुलकले भ्रमण गर्न नदिएमा, तिनीहरू अरु देशहरू र छिमेकी देशहरूको भ्रमण गरी शरणार्थीहरूसँग र अन्य सरोकारवालाहरूसँग सोधपुछ गर्न सक्दछन् । बर्षको एक वा दुई पटक त्यस्ता मुलुकहरूको भ्रमण गर्न संयुक्त राष्ट्रसंघले खर्च बेहोर्दछ । कहिलेकाँही, बारम्बार यस्ता भ्रमणहरू गर्नुपर्ने भएमा समेत अतिरिक्त बजेटकालागि सहमति हुन्छ ।

विषयगत अधिकार पाएका विशेषज्ञले, प्राप्त भएको सूचनाको आधारमा, यदि उनीहरूको अधिकारसँग सम्बन्धित घटना भए, ती मुलुकहरूको भ्रमण गर्ने निर्णय गर्न सक्दछन् । हरेक विशेषज्ञहरूलाई संयुक्त राष्ट्रसंघले दुइवटा देशको भ्रमणका लागी खर्च दिने गर्दछ । विषयगत अधिकार पाएका विशेषज्ञहरूले विश्वका हरेक क्षेत्रहरू भ्रमण गर्ने प्रयास गर्दछन् । भ्रमणकालागि गरिने अनुरोधहरू या त विशेषज्ञहरू स्वयंबाट चासो लिइन्छ या कुनै विशेष प्रस्तावहरूमा मानवअधिकार आयोगले प्रेरित गरेको हुन्छ ।

विशेषहरूले खाली औपचारिक अभियानहरू मात्र संचालन गर्दछन् । सम्बन्धित अधिकारीहरूको स्वीकृति बिना यी विशेषज्ञहरू कुनै पनि देशको भ्रमणमा जाने गर्दैनन् । यस्ता भ्रमणहरू समान्यतया सम्बन्धित देशमा कार्यरत संयुक्त राष्ट्रसंघ समूहले संयोजन गर्दछन् । र, यसको नेतृत्व संयुक्त राष्ट्रसंघ आवासीय संयोजक वा यसको सूचना विभागद्वारा गरिएको हुन्छ ।

यस्ता भ्रमणहरूमा, विशेषज्ञहरूले सरकारी तथा गैरसरकारी दूवै पक्षसँग अन्तक्रिया गर्ने गर्दछन् । तिनीहरूले स्वतन्त्रपूर्वक अनुसन्धान गर्न पाउनु आवश्यक हुन्छ । जस अन्तर्गत विभिन्न किसिमका सुविधाहरू, जस्तै बन्दी गृह तथा हिरासतमा राखिएको स्थानहरूको निरीक्षण तथा विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँगको सम्पर्क आदि पर्दछन् । विशेषज्ञहरूका सम्पर्कमा रहेका कुनै पनि व्यक्तिहरू, कार्यालयहरू र अन्य निजी संस्थाहरूलाई कुनै धम्की, दुःख दिने वा कानुनी सजायको भागीदार हुनेछैनन् भन्ने कुरामा सरकारी पक्षले विशेषज्ञहरूलाई विश्वस्त तुल्याउने काम, उनीहरूको एउटा विशिष्ट कार्यविधि हो । तथापि विशिष्ट पक्षहरूको प्रायोजित भ्रमणहरू समेत, सरकारी पक्षले स्वतन्त्ररुपमा भ्रमण गर्न नदिनाले तथा विशेषज्ञहरूको स्वतन्त्ररुपमा काम गर्ने भावनाको कदर गर्न नसक्दा, स्थगित भएका छन् । यस्ता कारणले कहिलेकाँही मानवअधिकारका मुद्दाहरू सार्वजनिक वहसको विषय बन्ने गर्दछ ।

कुनै विशेष अवस्थामा, यदि विभिन्न क्षेत्रहरूमा मानवअधिकारको समस्या देखा परेमा, आयोगले विशेषज्ञहरूलाई संयुक्त भ्रमणकालागि अनुरोध गर्दछ । यस्ता किसिमका संयुक्त भ्रमणहरू पूर्वी टिमोर र पूर्व युगोस्लाभिया देशहरूमा गरिएको छ । कहिलेकाँही विशेषज्ञहरू स्वयंले त्यस्ता किसिमका संयुक्त भ्रमणहरू संचालन गर्नु आवश्यक ठान्दछन् । विशेषज्ञहरू बीचको संयोजकत्वलाई राम्रोसँग स्वीकार गरिएको छ ।

ग. **नियमसंगत कार्य :-** केही विशेषज्ञले आफ्नो कर्तव्य निर्वाह गर्न विभिन्न

आधिकारिक नियमहरू तथा विशिष्टताहरूको बिकास गरेका हुन्छन् । आन्तरिक विस्थापित सम्बन्धी कार्य गर्ने महासचिवका प्रतिनिधिले आन्तरिक विस्थापन सम्बन्धी कानुनी नियमहरूको विश्लेषण गर्न तथा त्यसको संगालो तयार गर्न अन्तर्राष्ट्रिय कानुन विशेषज्ञको समूहसँग काम गरेका थिए । यसैको आधारमा उनले आन्तरिक रुपले विस्थापितहरूको सुरक्षाकालागि निर्देशक सिद्धान्तहरूको विकास गरेका थिए । सन् १९९८ को अप्रीलमा आयोगले ती सिद्धान्तहरूका मुख्य बुँदाहरूलाई कायम गऱ्यो र अन्तरसंघीय स्थायी समितिको बठैकले समेत यी निर्देशक सिद्धान्तहरूलाई स्वागत गर्दै, यसका सदस्यहरूलाई उनीहरूको कार्यकारणी समितिमा छलफल गर्न उत्साहित गऱ्यो । ती सिद्धान्तहरू आन्तरिक बिस्थापन सम्बन्धी समस्याहरूलाई लक्षित गर्दै विभिन्न प्रतिनिधिहरू, राज्यहरू, व्यक्ति वा समूहहरू, अन्य अन्तर सरकारी वा गैरसरकारी संगठनहरू र अन्य सम्बन्धित निकायहरूलाई निर्देशन गर्नकालागि तयार पारिएको हो । पाँच जना विशेषज्ञ सम्मिलित गैरकानुनी थुना सम्बन्धी कार्य समूहले आफ्नो कार्यकालागि एउटा संरचनाको विकास गरेको छ । सन् १९९९ डिसेम्बरमा जारी गरिएको यसको बुँदा नं ५ मा, यो समूहले आश्रय खोज्नेहरू (विशेष गरी शरणार्थी) का गैरकानुनी थुना सम्बन्धी मुद्दाहरू हेर्ने कार्य क्षेत्र तोकेको छ । यो कार्य शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चआयोगको सयोजकत्वमा संचालन गरिएको थियो जसलाई धेरै देशहरू तथा गैरसरकारी संस्थाहरूले स्वागत गरेका थिए ।

घ. **अनुगमन** :- प्राप्त जानकारीहरू र सिफारिसहरूको आधारमा विशेषज्ञहरूले सरकारहरूसँग संबादहरू संचालन गर्दछन् । संवाद त्यतिबेला मात्र अर्थपूर्ण हुन्छ जब सरकारहरूले विशेषज्ञहरूबाट उठाइएका मुद्दाहरूलाई गम्भीर तरिकाले ग्रहण गर्दछन् । उदारहणकालागि, केन्यामा हुने गरेको यातनाका बारेमा जानकारी लिन सन् १९९९ को सेप्टेम्बर मा विशेषज्ञको भ्रमणका क्रममा त्यहाँको सरकारले एक जना उच्च पदस्थ प्रहरी अधिकृतलाई सम्पर्क अधिकृत

तोकेको थियो । भ्रमणका क्रममा विभिन्न अभियानमा उक्त प्रहरी अधिकृत विशेषज्ञको साथ रहे । यही क्रममा, उक्त प्रहरी अधिकृतलाई हिंसाका घटनाहरू कम गर्नकालागि सुधारात्मक कार्यहरू गर्न निर्देशन दिइएको थियो । जस अन्तर्गत, निश्चित थुनुवाहरूको तुरुन्त औषधी उपचार गर्ने कार्य तथा गैरकानुनी थुनामा रहेको एक व्यक्तिलाई तुरुन्त रिहा गर्ने कार्य भएको थियो । विशेष विशेषज्ञले सार्वजनिकरुपमा यो प्रभावकारी अनुगमन कार्यको उल्लेख गरेका थिए ।

कुनै प्रणालीको प्रभावकारिता त्यतिबेला रहन्छ जब विशेषज्ञहरूको निष्कर्ष र सिफारिसको आधारमा उपयुक्त अनुगमन गरिन्छ । उदारणकालागि, धार्मिक पूर्वाग्रह सम्बन्धी विशेषज्ञले उनको प्रतिवेदनमा औसतरुपमा हुने घटनाहरू सम्बन्धी सिफारिस गरेका छन् । जसको बारेमा सरकारहरूलाई जानकारी दिन्छन् त्यसका बारेमा सरकारहरूसँग प्रतिक्रिया माँग गर्दछन् र विशेषज्ञले दिएका सिफारिसहरूको कार्यान्वयन गर्नकालागि सरकारले अपनाई रहेका प्रतिक्रियाहरूका साथ साथै अन्य प्रगतिशील प्रक्रियाहरू भए सोको समेत जानकारी माँग गर्दछन् । अरु विशेषज्ञहरूले पनि यस्तै उपायहरूको अवलम्बन गरेका छन् । सरकारहरूबाट प्राप्त भएका प्रतिक्रियाहरू समेत तिनीहरूको प्रतिवेदनमा सम्मिलित हुन्छन् ।

ङ. **गैरराज्य पक्षहरू** :- विशेषज्ञहरूले राज्य पक्षलाई मात्र उल्लेख गर्दैनन् । तिनीहरूले प्राप्त गर्ने केही अधिकारहरू गैरराज्य पक्षलाई समेत समेट्ने खालको हुनु आवश्यक छ । सन् १९९६ र २००० को बीचमा मानवअधिकार स्थितिबारे स्वतन्त्र विशेषज्ञले, सोमालियामा वारलर्डस र मिलिसियाहरूले गरेका मानवअधिकार उलंघनका घटनाहरूको बारेमा प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । उनले आफ्नो प्रतिबेदनमा, सोमालियाको केन्द्रीय सरकारको अनुपस्थिमा संयुक्त राष्ट्रसंघीय निकायहरूले गरेका कार्यहरूको सम्मेत उल्लेख गरेकी थिइन् । सन् १९९८ को अर्को प्रतिवेदनको मुख्य भाग, अन्तर्राष्ट्रिय लडाकुहरूले सोमालियामा गरेका हिंसाका घटनाहरू सम्बन्धी आरोपहरूमा केन्द्रित थियो ।

च. **गैरसरकारी संस्थाहरूको भूमिका :-** अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय गैरसरकारी संगठनहरूले विशेष कार्य प्रणालीमा महत्वपूर्ण सहयोग पुऱ्याइरहेका छन् । विशेष अधिकारहरूको संरचनाकालागि मानवअधिकार गैरसरकारी संस्थाहरूले अग्रतामा रहेर वकालत गरिरहेका छन् । धेरै विषयगत मुद्दाहरूमा र धेरै देशहरूमा विद्यमान मानवअधिकारको स्थितिका बारेमा, यी गैरसरकारी संस्थाहरूले आवश्यक विश्लेषण तथा सूचनाहरू उपलब्ध गराएका छन् । यस्ता किसिमका सूचनाहरूको, विशेषज्ञहरूले सत्यतथ्य जाँच्ने काम गर्दछन् । सरकारी प्रतिक्रियाकोलागि वारम्बार पत्र पठाउने काम गर्दछन् । ती गैरसरकरी संस्थाहरूले स्थानीय क्षेत्रमा विशेषज्ञहरूले गरेको कार्यको प्रचार प्रसार गर्दछन् । प्रणाली अभिवृद्धि गर्न गैरसरकारी संस्थालाई पुऱ्याएको योगदानका बारेमा विशेषज्ञहरू र संयुक्त राष्ट्रसंघ परिचित छन् । सन् २००० मा मानवअधिकार रक्षकहरू सम्बन्धी घोषणा पत्रको निर्माण गर्न गैरसरकारी संस्थाहरूले निर्वाह गरेको प्रमुख भूमिकाले गर्दा मात्रै होइन कि मानवअधिकार सम्बन्धी कार्य सम्पादन गर्ने बखतमा मानवअधिकार रक्षकहरूमाथि हुने गरेको दुःखदायी तथा डरलाग्दा घटनाहरूबाट संरक्षण गर्नकालागि आवश्यक पर्ने कारणले पनि हो ।

१०. विशेषज्ञले गरेका कार्यको कुनै असर परेको छ ?

विशेषज्ञहरूले आयोगमा दिने प्रतिवेदन मार्फत सम्बन्धित विषय तथा क्षेत्रको अवस्था बारे विशेष जानकारी गराउँदछन् । कुनै देशको कुनै विशेष विषयमा आधारित रहेर, विशेषज्ञहरूले बारम्बार मानवअधिकारको अवस्थाको बारेमा विश्लेषण गर्ने काम गर्दछन् । केही प्रतिवेदनहरूले अन्तर्राष्ट्रिय समुदायका मुद्दालाई अगाडि ल्याएर ध्यानाकर्षण गराउने काम गर्दछन्, जुन पूर्णरुपले अर्न्तराष्ट्रिय मुद्दा बनिसकेको छैन् । धेरै प्रतिवेदनहरूले पीडितको नाम र आरोपित मानवअधिकार उल्लंघनहरूको बारेमा वर्णन गर्दछन् । हरेक बर्ष, धेरै विशेषज्ञहरूले पीडितको पक्षबाट वकालत गरेका छन् । परिवर्तनकालागि विशेषज्ञहरूको काम प्रमुख शक्तिको रुपमा रहेको भए तापनि मानवअधिकारको

क्षेत्रमा ठोस परिणामहरू हासिल गर्न अप्ठ्यारो स्थिति, यद्यपि विद्यमान रहेको छ । विशेषज्ञले थाहा पाएका कुराहरू, निष्कर्षहरू र सुझावहरूलाई सरकारले, कुनै विशेष देशका नागरिक समाजले र अर्न्तराष्ट्रिय समुदायले उल्लंघनका बारेमा कसरी प्रतिक्रिया जनाउँछ भन्ने कुरामा मात्र यो निर्भर रहेको छ । कुनै विशेष अवस्थाको निरन्तर परीक्षण गरिनाले पीडितहरूको अनुनयलाई अर्न्तराष्ट्रिय समुदायले पनि बिर्सिएको छैन र तिनीहरूको राम्रोसँग निगरानी हुन थालेको ज्ञात हुन्छ । सम्बन्धित निकायलाई समेत यो कुरा ज्ञात छ कि, तिनीहरूको मानवअधिकार स्थितिको कारणले देशको राजनैतिक, विकास तथा मानवीय सहयोगका क्षेत्रमा असर पर्ने स्थिति रहनेछ । यसैको प्रभावले कहिलेकाँही विश्वसनीयता बृद्धि गर्न मद्धत पुऱ्याउँछ र त्यसकारण सकारत्मक परिवर्तनका लागि मद्धत पुऱ्याउँछ ।

ती विशेषज्ञहरूको प्रतिवेदनले, बारम्बार पूर्व चेतवानीको रुपमा समेत काम गर्दछन् । उदारणकालागि, रुवाण्डामा भएको जातीय नरसंहारलाई लिन सकिन्छ । नरसंहार हुनु भन्दा अगाडि गैरकानुनी हत्या तथा मृत्युदण्ड सम्वन्धी विशेष विशेषज्ञले उक्त देशको भ्रमण गरी, गम्भीर प्रकृतिको जातीय हिसां हुन गइरहेको कुरा जनाएका थिए । तर अन्तर्राष्ट्रिय समुदायले यो पूर्व चेतावनीबारे कुनै पनि पूर्ण प्रतिक्रिया जनाएको थिएन ।

विशेषज्ञहरूले प्राप्त गरेका ठोस उपलव्धिका धेरै उदाहरणहरू छन् । तिनीहरूले भ्रमणको समयमा धेरै पीडितहरूलाई राहत दिलाउन सफलता प्राप्त गरेका छन् । सन् १९९२ को जनवरीमा अफगानिस्तानका राष्ट्रपति नजीबुल्लाहले ११४ जना व्यक्तिहरूलाई मृत्युदण्ड दिन गरेको निर्णयलाई, २० बर्षको जेल सजायको रुपमा परिवर्तन गर्न विशेषज्ञ सफल भएका थिए ।

११. विशेषज्ञ र संयुक्त राष्ट्रसंघका विभिन्न अंगसँगको सम्बन्ध के हो ?

संयुक्त राष्ट्रसंघको विशेष प्रस्तावनाहरूमा उल्लिखित कुराहरूको परिपूर्तीकालागि, ती विशेषज्ञहरूलाई विशेष कार्य सम्पादन गर्ने जिम्मेवारी दिइन्छ । तिनीहरूले प्राप्त गरेका अधिकारहरू र तिनीहरूले निर्वाह गर्नुपर्ने कर्तव्य, कुनै पनि सरकारी तथा गैर सरकारी निकायको प्रभाव विना नै

स्वतन्त्रतापूर्वक कार्य गरुन् भन्ने अपेक्षा गरिन्छ। स्वतन्त्रतापूर्वक गरिने कार्यलाई पीडितहरू, सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रशंसा गरेका छन् । प्राप्त अधिकारहरूको सफलतापूर्वक निर्वाह गर्न यो एउटा पूर्वशर्त हो । संयुक्त राष्ट्रसंघका महासचिवले अन्तर्राष्ट्रिय न्यायिक अदालतको अगाडि उल्लेख गर्नु भएको थियो- पूर्ण स्वतन्त्रता विना कार्य गरिरहेका मानवअधिकार सम्बन्धी अधिकारीहरू, विशेष कानुनका विशेषज्ञहरू अर्न्तराष्ट्रिय मानवअधिकार हनन् भइरहेको कुराको बारेमा बोल्न र प्रतिवेदनमा उल्लेख गर्न हिच्चकिचाउँछन ।

तर त्यो स्वतन्त्रताले अन्य विभिन्न समुदायहरूसँग विशेषत : संयुक्त राष्ट्रसंघको प्रणालीभित्र समन्वय र सम्बाद गर्न कुनै पनि अप्ठ्यारो स्थितिको सृजना गर्दैन। संयुक्त राष्ट्रसंघका प्रस्तावनाहरू र यसको परम्पराहरूमा सम्बाद गर्न धेरै उत्साहित गरिएको छ । अधिकारहरू स्थापना गरिएको प्रस्तावनामा महासचिवले विशेषज्ञहरूको कार्यमा सहयोग उपलब्ध गराउन, सबैसँग विशेष अनुरोध गरेका छन् । यो सहयोग मुख्य गरी राजनीतिकका साथ साथै आर्थिकरुपमा रहेको छ । जसअर्न्तगत संयुक्त राष्ट्रसंघबाट नियमितरुपमा आर्थिक सहयोग अपलब्ध गराउने र संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयबाट अन्य सहयोग उपलब्ध गराउने रहेका छन्। संयुक्त राष्ट्रसंघीय अन्य निकायहरूले समेत विशेषज्ञहरूको कार्यमा सहयोग पुऱ्याउन अनुरोध गरेका छन् ।

मानवअधिकार सम्बन्धी उच्चायुक्तको कार्यालयबाट विशेषज्ञहरूको कार्यको सहजकरण गरिन्छ। जब तिनीहरू कुनै देशको भ्रमणमा हुन्छन्, त्यसबेला उक्त देशको वरिष्ठ संयुक्त राष्ट्रसंघीय अधिकारीले विशेषज्ञहरूले कार्यको सहजकरण गर्दछन्। धेरै विशेषज्ञहरूले न्यूयोर्कको संयुक्त राष्ट्रसंघ सचिवालय र अन्य धेरै विशिष्ठ निकायहरूबाट पनि नियमित परामर्श लिने गर्दछन्। कुनै देशमा संयुक्त राष्ट्रसंघको सहयोग विना गरिएको कार्यबाट मानवअधिकार विशेषज्ञहरूले विभिन्न गम्भीर समस्याहरू भोग्ने गर्दछन्। उदाहरणकालागि, सन १९९८ को मार्च ४ मा मानवअधिकार सम्बन्धी उच्चायुक्तको कार्यालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम UNDP ले एउटा सहमति पत्रमा हस्ताक्षर गरेको थियो। जस अनुसार UNDP र OHCHR ले कुनै देश विशेषको अधिकारहरूको

कार्यान्वयनकालागि, विषयगत विशेष पद्धतिहरूमा तथा कार्य समूहहरूसँग नजीकवाट समन्वय गरिने कुरा उल्लेख छ । UNDP र OHCHR बीचको सहमति मानवअधिकार तथ्य संकलन, अभियान, गतिविधिहरूको प्रभावकारिता तथा कार्यक्षमतामा वृद्धि गर्ने रहेको छ । UNDP का स्थानीय कार्यहरूले भौतिक तथा आवासीय दुवै सहयोग उपलब्ध गराउँदछन् । र, यो उक्त अभियानको अगाडि र पछाडि दुवै अवस्थामा रहन्छ । UNDP ले पनि भ्रमण गरिएको राष्ट्रसँग सम्बन्धित प्रासंगिक प्रतिवेदनहरू र मूल्याङ्कन पत्रहरू पनि उपलब्ध गराउँछ ।

१२. विशेषज्ञको कानुनी हैसियत के हो ?

विशेषज्ञहरूले वहन गरिरहेका, संयुक्त राष्ट्रसंघका मानवअधिकारसँग सम्बन्धित अधिकारहरूलाई कानुनीरुपमा "अभियानका विशेषज्ञहरू" भनी वर्गीकरण गरिन्छ, जुन सन् १९४६ को संयुक्त राष्ट्रसंघीय उन्मुक्ति सम्वन्धी अनुबन्ध सुविधामा आधारित छ । विशेषज्ञहरूले आफ)नो अधिकार क्षेत्रमा कार्य गरिरहँदा कार्यगत सुविधा र उन्मुक्ति प्राप्त गरिरहेका हुन्छन्, जुन कुरा अनुबन्धको २२ को धारा ६ मा विशेषरुपमा उल्लेख गरिएको छ । जस अन्तर्गत :-

(क) व्यक्तिगत गिरफ्तारी र थुनुवा तथा व्यक्तिगत सामानहरूको खानतलासी तथा जफत हुनबाट उन्मुक्ति ।

(ख) अभियानको कार्य सम्पादन गर्दाको बखतमा बोलिएका, लेखिएका तथा कुनै कार्यहरू, सबै प्रकारका कानुनी प्रक्रियाहरूबाट उन्मुक्ति ।

(ग) सम्पूर्ण कागजपत्रहरूका तथा अभिलेख अनतिक्रम्य हुने ।

(घ) संयुक्त राष्ट्रसंघ समक्ष तिनीहरूको सम्पर्ककालागि संकेत प्रयोग गर्ने, चिट्ठी पत्रहरू र अन्य पत्रहरू कूरियर तथा अन्य बन्दी खामहरू प्राप्त गर्ने अधिकार ।

(ङ) वैदेशिक सरकारी प्रतिनिधिहरूको अस्थायी टोलीहरू सरह वैदेशिक मुद्राको प्रयोग तथा सटही सुविधाहरू ।

(च) कुटनैतिक नियोगका प्रतिनिधिहरूले प्राप्त गर्ने व्यक्तिगत सामानहरू सम्बन्धी सुविधा र उन्मुक्तिहरू ।

१३. विशेषज्ञहरूको कार्यमा कुनै त्रुटी भेटिएको छ ?

मानवअधिकार विशेषज्ञहरूले राजनीतिक मुद्दाहरू हेर्ने गर्दछन् । त्यस कारणले कतिपय विशेषज्ञहरूले गरेको कार्यको विषयवस्तु र गुणस्तरबारे कहिले काँही प्रश्नहरू उठ्ने गर्छ ।

मानवअधिकार आयोगले, विशेषज्ञहरूको कार्यमा हुने त्रुटिहरूलाई, उनीहरूको स्वतन्त्रता, गतिशीलता र कानुनी प्रकृयाबाट उन्मुक्त छन् भन्ने कुरालाई हृदयंगम् गर्दै, निरीक्षण गर्ने गर्दछ । आयोगले तिनीहरूको प्रतिवेदनको निरीक्षण गर्दछ र विशेषज्ञहरूको कार्यलाई स्वागत गरिन्छ भन्ने जान्नकालागि प्रस्तावहरू पारित गर्ने अथवा तिनीहरूको कार्यको सामान्य टिपोट लिने गर्दछ । सन् १९९९-२००० को बीचमा, आयोगले विशेषज्ञहरूको कार्यको सामान्य पुनरावलोकन गरेको थियो । त्यसैको फलस्वरुप सन् २००० को अप्रीलमा विशेषज्ञहरूको कार्यको प्रभावकारितामा बृद्धि गर्न धेरै प्रस्तावहरू समेत स्वीकार गरिएको थियो । ती प्रस्तावहरूमा, माथि नै उल्लिखित अधिकार प्राप्तकर्ताहरूको निश्चित समयावधि र तिनीहरूको स्वतन्त्रता छनौटको मुख्य आधारको पुर्नपुष्टि रहेका छन् ।

यसका अतिरिक्त, संयुक्त राष्ट्रसंघको साधारण सभामा अहिले सम्पूर्ण विशेषज्ञहरू र संयुक्त राष्ट्रसंघका मानवअधिकार विशेषज्ञहरूलाई लागू हुने गरी एउटा आचारसंहिताको निर्माण गरिनुपर्ने कुरामा छलफल भइरहेको छ । प्रस्तावित सहिंतामा विशेषज्ञहरूसँग सम्बन्धित कुरालाई उल्लेख गर्दै भनिएको छ, "तिनीहरू अवैतनिक, स्वतन्त्र रक्षकहरू भन्दा पनि वैतनिक परामर्शदाता हुन्, जसले निर्देशनहरू प्राप्त गर्दछन् । उनीहरुको कार्य उनीहरूलाई दिइएको अधिकारहरू, विवेक, तथ्यहरूको आधारमा तथा मानवअधिकार कानुनहरूसँग सम्बन्धित हुनु आवश्यक छ ।

विशेषज्ञहरूले एक हदसम्म सार्वभौमिक स्वतन्त्रताको समेत उपयोग गर्दछन् । सन् १९९३ विशेषज्ञहरूले प्राप्त गरेका अधिकारहरूसँग सम्बन्धित विषयहरूमा, विशेषज्ञहरूले उनीहरूको बीचमा वार्षिकरुपमा उद्देश्यात्मक छलफल चलाउने गरेका छन् । यी बैठकहरूमा, तिनीहरूका साझा रुचिका विषयहरू जस्तै तिनीहरूको कार्यपद्धतिका बारेमा विचार विमर्श गरिन्छ ।

तिनीहरूले मानवअधिकार उच्चायुक्त, मानवअधिकार आयोगको कार्यालय, संयुक्त राष्ट्रसंघका ६ मुख्य मानवअधिकार सन्धिहरूसँग सम्बन्धित प्रमुखहरू र अन्य गैरसरकारी संस्थाहरूसँग छलफल गर्ने गरेका छन् । ती बैठकले, उब्जिएका समस्याहरूको समाधान गर्न एउटा मञ्च प्रदान गरेको छ ।

१४. विशेषज्ञहरूलाई के-के स्रोतहरू उपलब्ध छन् ?

हरेक विशेषज्ञहरू पूर्णकाली पेशेवरहरू हुन् जसले निश्चित शर्तमा संयुक्त राष्ट्रसंघलाई अल्पकालीनरुपमा आ)फ्नो सेवा उपलब्ध गराउँदछन् । विशेषज्ञहरूले दिने गुणस्तरीय सेवाको प्रतिफल स्वरुप तिनीहरूलाई मानवअधिकार उच्चायुक्तको कार्यालयले ठूलो संख्यामा गुणस्तरीय सहयोग तथा उसको कार्यमा प्रयोग हुने कर्मचारीहरूलाई रकम उपलब्ध गराउँदछ । अहिले आयोगले हरेक अधिकार क्षेत्रहरूकालागि एक जना कर्मचारी ३ महिनाकोलागि मात्र पूर्णकालीनरुपमा राख्न पाउने व्यवस्था गरेको छ ।

धेरै देशहरू वर्तमान प्रणालीलाई बढी भार नदिन सचेत छन् । तथापि, मानवअधिकारको अवस्थाले गर्दा नयाँ अधिकारहरूको स्थापना गर्न बाध्य बनाउँछ । कुनै पनि आर्थिक स्रोतहरूको वृद्धिको सम्भावना विना, अधिकारहरूको संख्यामा मात्र वृद्धि हुने स्थितिले आयोगलाई बढि भार थपिन जान्छ ।

सन् १९९९ मा उच्चायुक्तले दुई जना विशेषज्ञहरूलाई, अन्य दुई कर्मचारीहरूको सहयोगमा एउटा अध्ययन गर्न अनुरोध गरेका थिए जसको मुख्य लक्ष्य विशेषज्ञहरू माथि परेको चाप र त्यसलाई कसरी उल्लेख गर्ने भन्ने रहेको थियो । यस अध्ययनले विद्यमान प्रणलीमा सुधार ल्याउन पाँच वटा उपायहरूको सिफारिस गरेको थियो । जस अर्न्तगत :-

(क) आकस्मिक अपीलको प्रभावकारितामा वृद्धि गर्ने ।

(ख) संकटकालीन अवस्थामा बढी प्रभावकारी तरीकाले, जवाफदेही हुने प्रक्रियाको विकास गर्ने ।

(ग) अनुगनम पद्धतिको सुधार गर्ने ।

(घ) अतिरिक्त कर्मचारीहरूको व्यवस्था गरी सहयोग अभिबृद्धि गर्ने ।

(ङ) तथ्याङ्क प्रणालीको विकास गर्ने ।

यी उपायहरूको कायान्वयनकालागि, मानवअधिकार उच्चायुक्तको कार्यालयको वर्तमान स्रोतहरूलाई बृद्धि गर्नु आवश्यक देखिन्छ ।

१५. विशेषज्ञहरूको कार्य र मानवअधिकारकालागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यमा राखिएको हुन्छ ?

सन् १९९३ को डिसेम्बर २० मा संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकार उच्चायुक्तको पदको सृजना गरेको हो । विशेषज्ञहरू, जस्तै उच्चायुक्त उच्चस्तरीय पद हो, जसको नियुक्ति संयुक्त राष्ट्रसंघका महासचिवद्वारा हुने गर्छ र साधारण सभाद्वारा पारित गरिन्छ । मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रमुख व्यक्ति उच्चायुक्त हो, जसले विशेषज्ञहरूको कार्यलाई सहयोग गर्दछ । हाल आयरल्यान्डकी पूर्व राष्ट्रपति मेरी रविन्सन मानवअधिकार उच्चायुक्त हुनुहुन्छ, जो सन् १९९७ को सेप्टेम्बर देखि वहाँले आफ्नो कार्यभार सम्हालनु भएको हो । सन् १९९४ अप्रील देखि सन् १९९७ मार्च सम्म जोशे आयला - लासो उच्चायुक्ता हुनुहुन्थ्यो ।

उच्चायुक्त र विशेषज्ञहरू बीच धेरै अन्तरक्रिया हुने गर्छ । विशेषज्ञहरूको अधिकार कुनै राष्ट्र वा विषय विशेष सम्बन्धित हुने गर्छ भने उच्चायुक्तको अधिकार बृहत् रहने गर्दछ जस अन्तर्गत सबै नागरिक, राजनैतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारहरूको विश्वव्यापीरुपमा संरक्षण र सम्बर्द्धन गर्ने कुराहरू पर्दछन् । तर, उच्चायुक्तको अधिकारहरू र विशेष विधी संयन्त्रहरूको बीचमा हस्तक्षेप हुने सम्भावना रहन्छ जसलाई संयोजनबाट हटाउन सकिन्छ ।

१६. उप-आयोग भनेको के हो र यसले के काम गर्छ ?

कुनै विशेष विषयमा गहन अध्ययन गर्नकालागि सहयोग पुऱ्याउने उद्देश्यले उप-आयोगको गठन तथा निमार्ण गरिएको हो । विगतमा उप-आयोगको मुख्य कामहरूमा, आयोगले हेर्ने विभिन्न क्षेत्रहरूको कानुनहरू र नियमहरूको मस्यौदा तयार पार्नु रहेको थियो । संयुक्त राष्ट्रसंघ महासभामा यस्ता धेरै मस्यौदाहरू विभिन्न समयमा परित गरिएका थिए ।

उप-आयोग, २६ जना स्वतन्त्र विशेषज्ञहरूको संरचना हो । यिनीहरू हरेक

वर्षको अगष्टमा, तीन हप्ताकालागि मानवअधिकारका उद्देश्यात्मक विषय छलफल गर्न जेनेभामा भेट्ने गर्छन् । सामान्यतया उप-आयोगको बैठक सबैकालागि खुल्ला गरिन्छ । जहाँ राज्य र गैरसरकारी संस्थाका प्रतिनिधिहरूले पनि उप-आयोग समक्ष आफ्ना भनाइहरू राख्ने गर्छन् । उप-आयोगले आगामी दिनमा विचार योग्य विषयहरूका बारेमा आयोग समक्ष सिफारिस गर्ने गर्दछ ।

उप-आयोगको अध्ययनहरूको मूख्य लक्ष्य सम्बन्धित विषयवस्तुहरूको बुझाईमा बृद्धि गर्ने र त्यसलाई कसरी ग्रहण गर्ने भन्ने बारेमा उपयुक्त सिफारिस गर्नु हो । ती मध्य केही अध्ययनहरूले निश्चित मापदण्ड निर्धारण र प्रयोग गर्न सक्षम तुल्याउँछ भने अन्यले नयाँ संयन्त्रको स्थापना गर्न सक्षम तुल्याउँछ ।

१७. आयोगका विशेषज्ञको कार्य भन्दा उप-आयोगका विशेषज्ञको कार्यमा कुनै फरक छ ?

मानवअधिकार आयोगका विशेषज्ञहरू जस्तै उप-आयोगका विशेषज्ञ पनि "अभियानका विशेषज्ञहरू" संयुक्त राष्ट्रसंघको सुविधा र उन्मुक्ति सम्बन्धी अभिसन्धी १९४६ को परिभाषाभित्र समेटिएका हुन्छन् । यसलाई अन्तराष्ट्रिय न्यायिक अदालतले सन् १९४९ को डिसेम्बर १५ मा मजिलु मुद्दाको नामले परिचित मुद्दामा, परामर्श विचारको रुपमा व्याख्या गरेको थियो ।

उप-आयोगका विशेषज्ञहरूले मुख्य गरी अध्ययन संचालन गर्दछन् । यिनीहरूले सामान्यतया व्यक्तिगत मुद्दा हेर्दैनन् र सरकारलाई आकस्मिक अपीलहरू समेत पठाउँदैनन् । यिनीहरू तथ्य संकलन गर्ने कार्यमा समेत सहभागी हुँदैनन् । उप-आयोगको तीन हप्ते बैठकमा विशेषज्ञहरूको कार्यको सार्वजनिक रुपले तथा बृहत् तरीकाले छलफल गरिन्छ । उप-आयोगका एक वा सो भन्दा बढी विशेषज्ञहरूले प्रत्येक विषय वस्तुका बारेमा कम्तीमा ३ वर्ष सम्म अध्ययन गरेका हुन्छन् । उनीहरूले अध्ययनका क्रममा सामान्यतया एक-एक वटा विषयगत कार्यपत्र, प्रारम्भिक प्रतिवेदन, प्रगति प्रतिवेदन र अन्तिम प्रदिवेदन बुझाएका हुन्छन् ।

उप-आयोगका धेरै जसो विशेषज्ञहरू, प्राज्ञ, वकिल, न्यायाधीश र कुनै

समयमा सरकारहरूका प्रतिनिधिहरू समेत भएका हुन सक्छन् । तिनीहरू सबैले कुनै सरकारी वा गैरसरकारी प्रभाव विना उप-आयोगको कार्य स्वतन्त्रतापूर्वक गर्छन भन्ने आशा गरिएको हुन्छ ।

उनीहरू स्वतन्त्र विशेषज्ञ भए तापनि संयुक्त राष्ट्रसंघको सचिवालयका त्रुटीहरू औंल्याउने काम, उनीहरूको होइन । मानवअधिकार उच्चायुक्तको कार्यलयद्वारा सहयोग गरिएको भएमा, स्वतन्त्रतापूर्वक सचिवालयको अनुसन्धान गर्दछन् । ती सचिवालयलाई निश्चित स्रोतहरू उपलब्ध गराइएको भए तापनि आफ्नो अनुसन्धानकोलागि आवश्यक सहयोगको लागि विशेषज्ञहरू धेरै जसो आफ्नै स्रोतमा भर पर्दछन् ।

निश्कर्ष

विश्वव्यापी रुपमा, भय र आवश्यकताबाट स्वतन्त्रता उपलब्ध गराउने काममा विश्षज्ञहरुको महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । उनीहरु पारिश्रमिक पाउँदैनन् । मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा भनिएको "सामान्य मानिसको प्रेरणाको उच्चतम स्रोत - मानवअधिकारको उपलब्धिकालागि" गरिएको कामबाट प्राप्त हुने सन्तुष्टि नै उनीहरुको पुरस्कार हो ।

यो प्रणालीको लागि अपर्याप्त स्रोत छन् तैपनि सशक्त उपलब्धि हासिल गर्नुपर्ने नै छ ।

विश्वव्यापीरुपमा समग्र मानवअधिकारहरूको सम्मान गर्ने लक्ष प्राप्तिकालागि, विद्यमान प्रणालीलाई सुदृढ बनाउन निरन्तर प्रयासहरू भइरहेका छन् । विभिन्न पक्षहरू, विशेषगरी सरकारहरू, संयुक्त राष्ट्रसंघका अंगहरू तथा गैरसरकारी क्षेत्रहरू बीच निरन्तर सहयोग आदान प्रदान हुन सकेमा यसको प्रभावकारिता आशातित रुपमा वृद्धि हुनसक्ने थियो । ■

मानवअधिकार रक्षकहरूका बारेमा संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि समक्ष प्रस्तुत गरिने उजूरी निवेदन

पृष्ठभूमि

मानवअधिकार रक्षकहरूबारे विशेष प्रतिनिधि नियुक्ति गर्न, आफ्नो ५६ औं बैठकमा मानवअधिकार आयोगले महासचिव समक्ष अनुरोध गऱ्यो (२६ अप्रिल २००० को प्रस्ताव संख्या २०००/६१) । फलस्वरुप पाकिस्तानकी हिना जिलानीलाई सन् २००० को अगस्तमा नियुक्त गरियो । जिम्मेवारी अनुसार उनले विश्वव्यापी मान्यता प्राप्त मानवअधिकारहरू तथा आधारभूत स्वतन्त्रताको संरक्षण तथा सम्बर्द्धन गर्न,. व्यक्तिहरू, समूहहरू र समाजका अंगहरूको अधिकार र उत्तरदायित्व सम्बन्धी घोषणापत्रमा आधारित रहेर २००० को अगस्तमा कार्य थालनी गरिन । घोषणापत्रले मानवअधिकार रक्षकहरूको परिभाषालाई फराकिलो ढंगले स्वीकारेको छ । नागरिक एवं राजनीतिक अधिकार लगायत सामाजिक, साँस्कृतिक, आर्थिक अधिकारको संरक्षण, अभिवृद्धि र बहालीकोलागि लड्ने हरेक व्यक्ति मानवअधिकार रक्षकको परिभाषाभित्र समेटिन्छन् । विशेष प्रतिनिधि हिना जिलानीद्वारा सन् २००१ मा प्रस्तुत, पहिलो वार्षिक प्रतिवेदनमा उनले आफूलाई प्राप्त आदेशको परिधि वृहत रहेको बताउँदै स्वस्थ वातावरण, आदिवासीको अधिकार सम्बर्द्धन र पेशागत संगठनका अधिकारहरूको संरक्षणमा संलग्न सबैलाई समोवश

गर्न सकिने कुरो बताएकी छन् । मानवअधिकारको प्रस्ताव २०००/६१ मा मानवअधिकार रक्षकको महासचिवका विशेष प्रतिनिधिको जिम्मेबारी निम्नानुसार तोकिएको छ :-

(क) मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको सम्बर्द्धन र संरक्षण गर्न व्यक्तिगत रुपमा वा अरुसँग मिलेर काम गर्ने जो कोहीको अवस्था र अधिकार बारे खोजी गर्ने, सूचना लिने र परीक्षण गर्ने ।

(ख) घोषणापत्रको प्रभावकारी कार्यान्वयन तथा अभिवृद्धिकालागि सरकार र सरोकारी निकायसँग सहयोग स्थापना र सम्वाद कायम गर्ने, र

(ग) मानवअधिकार रक्षकको उच्चतर संरक्षणकालागि रणनीतिक सुझाव दिने ।

कुनै व्यक्ति, समूह, गैरसरकारी संस्था, सरकारी निकाय तथा सरकारी संगठनहरूलाई, मानवअधिकार रक्षक विरुद्ध भएका मानवअधिकार उल्लंघनका भरपर्दा जानकारीहरू, विशेष प्रतिनिधिको ध्यान दिलाउनकालागि लिखितरुपमा ल्याउन उत्साहित गरिएको छ । त्यस्ता जानकारीहरू विश्वसनीय एवं भरपर्दो ठहरिएमा सम्बन्धित पक्षलाई विशेष प्रतिनिधिले सम्बन्धित सरकारलाई घटनाको जानकारी गराउने छन् ।

उजूरी गर्नेहरूको ठूलो संख्या हुने भएकोले, विशेष प्रतिनिधिसमक्ष पेश गरिने उजूरी निवेदनमा निवेदकहरूले आफ्ना मानवअधिकार कार्यका बारेमा जानकारी उपलब्ध गराउनु प्रोत्साहित गरिन्छ ।

उजूरी निवेदन गर्ने औपचारिक कार्यविधि नभए तापनि विशेष प्रतिनिधिले सम्बन्धित सरकारको ध्यान चाँडो भन्दा चाँडो दिलाउन, उपयुक्त मुद्दा उठाउन, केही निश्चित विवरणहरूको उल्लेख भएकै हुनुपर्छ । त्यस्ता आवश्यक विवरणमा पीडितको परिचय, पीडितमाथि

गरिएको उल्लंघन, पीडकहरू र सम्बन्धित निकायद्वारा केही कदम चालिएको भए सोको समेत उल्लेख हुनुपर्छ । उजूरी निम्नलिखितरुपमा तलको ठेगानामा पठाइनु पर्छ :-

The Special Representative of the Secretary General
on Human Rights Defenders.
Office Of The High Commissioner for Human Rights United Nations.
1211-Geneva 10, Switzerland
Fax (4122) 9179006

निवेदनकालागि निर्देशिका

मानवअधिकार रक्षकहरूमाथि भएका ज्यादत्तीका (उल्लंघन) सम्बन्धमा उजूरी गर्न चाहनेहरूले, यथासम्भव निम्नलिखित ढाँचाको अनुरण गर्नुपर्ने हुन्छ :-

१. पीडित बारे जानकारी

- पूरा नाम :
- उमेर :
- लिङ्ग :
- पेशा वा व्यवसाय :
- वासस्थान (वा जन्मस्थान, उल्लंघनसँग सम्बन्धित छ भने)

(क) मानवअधिकार सम्बन्धी कार्यकोलागि पीडित कुनै संगठन, संस्था वा समूहसँग सम्बन्धित भएमा :

- संस्था, संगठन वा समूहको नाम :
- संस्था, संगठन वा समूहको प्रमुख व्यक्तिको नाम :
- पीडित व्यक्तिले गर्ने कामको प्रकृति :

(ख) यदि आरोपित उल्लंघन कुनै संस्थामाथि गरिएको भए :

- संस्थाको नाम :
- संस्थाले गर्ने कामको प्रकृति र गतिविधि :
- भौगोलिक कार्यक्षेत्र (राष्ट्रिय/क्षेत्रीय/अन्तर्राष्ट्रिय) :
- संस्था वा संगठनको प्रमुख व्यक्तिको नाम :

- संस्था वा व्यक्तिले विगतमा गरेका कार्यहरूको विवरण उल्लेख गरिएमा उजूरी गर्न सहयोगी हुनेछ ।

२. आरोपित उल्लंघनको प्रकृति

(क) मानवअधिकार रक्षक वा संगठन, संस्था वा समूह विरुद्ध भएको आरोपित उल्लंघनसँग सम्बन्धित घटना लगायत तल लेखिएका जानकारीहरूको आवश्यकता पर्दछ ।

- मिति :
- स्थान :
- घटना विवरण :
- उल्लंघनको कारणले भोग्नुपरेको पीडा वा धम्कीको प्रकृति :-
- आरोपित उल्लंघनको मानवअधिकार क्रियाकलाप संचालनसँगको सम्बन्ध दर्शाउन सक्ने जानकारी ।

(ख) कुनै व्यक्ति वा मानवअधिकार रक्षकहरूको समूहलाई गिरफ्तार वा बन्दी बनाइ उल्लंघन भएको छ भने, निम्नलिखित सूचनाको अवश्यकता पर्दछ :

- संलग्न सम्बन्धित अधिकारीको परिचय (व्यक्तिगत/मन्त्रालय/विभागीय) :
- गिरफ्तार भएको स्थान र मिति :
- गिरफ्तार भएको बखत मानवअधिकार उल्लंघनसँग सम्बन्धित कुनै घटना वा कुनै समस्याहरू आइपरेको भए सोको जानकारी :
- लगाइएको आरोपको प्रकृति र त्यस बारेमा कानुनमा उल्लेख भएको कुरा :
- व्यक्ति वा समूहले भोग्नु पर्ने सम्भाव्य कानुनी सजायहरू :
- हिरासतमा रहेका स्थान (यदि जानकारीमा छ भने) :
- हिरासतमा रहँदा स्थिति :
- कानुनी परामर्शको सुविधा पाए/नपाएको सम्बन्धी सूचना :
- परिवारका सदस्यलाई भेट्न दिए/नदिएको सम्बन्धी सूचना :
- प्रशासनिक तथा कानुनी उपचारकालागि चालिएका कदमहरू,

आवश्यक उपचारको प्रकृति, जुन पद्धतिबाट कानुनी उपचार दिलाइएको हो, त्यसको कानुनी प्रावधान, त्यसका विभिन्न प्रकृयाहरू तथा निस्केका परिणामहरू ।

मानवअधिकार वा सोसँग सम्बन्धित गतिविधिहरू वा तीसँग मेल खाने अन्य समान प्रकृतिका गतिविधिहरूको रक्षा गर्ने सिलसिलामा, कुनै मानवअधिकार रक्षकमाथि अदालतमा मुद्दा चलाइएको हो भने, निम्नलिखित सूचनाहरूको अवश्यकता पर्दछ ।

- मुद्दा चलाइएको मिति र स्थान :
- मुद्दाको बयान लिने अदालतको नाम :
- अपीलकालागि उठाइएका सान्दर्भिक तौरतरीकाहरू :
- मानवअधिकार रक्षक वा उसको समूहले भोगिरहेको सजाय :

३. पीडक (हरूको) विवरण :

- नाम (हरू), यदि जानकारी भएको खण्डमा :
- यदि तिनीहरू सुरक्षाफौजसँग सम्बन्धित मानिसहरू हुन् भने, तिनीहरूको पद, काम, संलग्न भएको कार्यालय वा एकाई ।
- यदि ती पीडकहरू नागरिक सुरक्षा समूह वा सशस्त्र समूह वा अन्य कुनै अर्धसैनिक बलका सदस्यहरू भएमा, तिनीहरूको राज्यसँग सम्बन्ध कस्तो रहेको छ, सोको बारेमा विस्तृत जानकारी ।

४. पीडित वा संगठनको तर्फबाट कानुनी उपचार प्राप्त गर्नकालागि राष्ट्रियस्तरमा खेल्नु पर्ने भूमिकाहरूका बारेमा, यदि कुनै उजूरी दर्ता गरिएको छ भने, सो कहाँ, कहिले, कसलाई र कुन निकाय समक्ष प्रस्तुत गरिएको हो, त्यसको जानकारी ।

५. सम्बन्धित निकायले चालेका कदमहरू :

- आरोपित उल्लंघनका बारेमा कुनै छानविन तथा अनुसन्धानको शुरुवात गरिएको वा त्यसको कुनै निष्कर्ष निकालिएको छ कि छैन ?
- यदि छ भने, कुन सरकारी निकाय, मन्त्रालय वा विभागबाट आरोपहरू प्रस्तुत गरेको भएमा उक्त छानविन तथा अनुसन्धानको

कार्य कति सम्म अगाडि बढेको छ र कति प्रगति हाँसिल भएको छ, सोको विवरण ।

- त्यो छानवीन तथा अनुसन्धान कुनै कानुनी कारवाहीलाई अगाडि बढाउने अवस्थासम्म पुगेको छ कि छैन ? यदि छ भने उक्त निर्णय किन असन्तोषपूर्ण छ ? उक्त कानुनी निर्णय ठीक छैन भन्ने कुनै आधारहरू छन् भने, सो-समेत उल्लेख गर्ने ।

७. आरोपित उल्लंघन कुनै एउटा घटनाको परिणाम मात्र नभई, मानवअधिकारको संरक्षण, सम्बर्द्धन र अनुभूति गर्नकालागि निरन्तर विभिन्न अवस्थाहरूमा, नीतिगत तहमा, दैनन्दिन क्रियाकलापहरूमा तथा कानुनी रुपबाट पनि उल्लंघन भईरहेको हुन सक्छ । यस्तो अवस्थामा उजूरीहरू प्रस्तुत गर्दा निम्नलिखित सूचनाहरूको अवश्यकता पर्दछ :-

- त्यस्ता अवस्थाहरू, नीतिहरू, दैनन्दिन् क्रियाकलापहरू तथा कानुनीरुपमा उल्लंघन भइरहेका सान्दर्भिक विवरणहरू
- पूर्वाग्रहबाट पीडित व्यक्ति वा समूहहरूको सम्बन्धमा उक्त पूर्वाग्रहको प्रकृति ।
- मानवअधिकार रक्षहरूको कार्यमा बाधा पुऱ्याउने कुनै तरीकाहरू राज्य पक्ष वा गैह्र राज्य पक्षले गरेको भए, सोको समेत जानकारी उल्लेख गरिनुपर्ने हुन्छ । राज्य पक्षले तथा गैरराज्य पक्षले कानुनीरुपमा तथा विभिन्न अवस्थाहरूमा रोजगारीमा हत्तोत्साही तुल्याउने, बाधा पुऱ्याउने वा आघात पुऱ्याउने काम गरेको खण्डमा, त्यस्ता किसिमका नीतिहरू बनाइएको तथा प्रचलन गरिएको पाइएमा, सोको उल्लेख गरिनु पर्नेछ ।
- त्यसको कानुनी तथा व्यवहारिक उपचारकोलागि अबलम्बन गर्न सकिने सम्भाव्य उपायहरू या विधिहरू ।
- मानवअधिकार रक्षक तथा कुनै समूहबाट त्यस्ता अवस्था, नीति र व्यवहारिक प्रचलन परिवर्तन गर्न वा घोषणापत्रमा उल्लिखित अधिकारहरूसँग अन्तरविरोध हुने किसिमका कानुनहरूको परिवर्तन गर्नकालागि, कुनै किसिमको कदम चालिएको छ कि छैन सोको बारेमा समेत जानकारी दिइनु पर्नेछ ।

यो निर्देशिका, अन्तिम रुप होइन । टिप्पणी एवं सुझावको अपेक्षा गरिएको छ ।

पुनश्च : हिंसाबाट पीडित मानवअधिकार रक्षकहरूका बारेमा उजूरीहरू दर्ता गराउँदा पीडित व्यक्तिको नाम सरकारी पक्षलाई जानकारी गराउने या नगराउने भन्ने कुरा, अघिनै निर्धारण गरिनुपर्दछ । अनुरोध गरिएको खण्डमा आरोपित पीडित व्यक्तिको नाम गोप्य राख्न सकिने छ ।

मानवअधिकार रक्षकबारे थप जानकारीका लागि सम्पर्क

The Office of the High Commissioner for Human Rights Geneva, Switzerland
Send E-mail with Comments and suggestions to
Webadmin.hchr@unog.ch.
HCHR-UNOG, 8-14 Avenue de la Paix
1211 Geneva 10, Switzerland
Tel No. (41-22) 917-9000

पेरिस घोषणा

मानवअधिकार रक्षकहरूको सम्मेलन

१० डिसेम्बर १९९८

हामी मानवअधिकार रक्षकहरू,

१. १० डिसेम्बर १९९८ का दिन संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित गरेकै ऐतिहासिक महत्वको स्थल प्याल डी सेलोमा उक्त घोषणापत्रको ५० औं बार्षिकोत्सव मनाउन विश्व सम्मेलनमा उपस्थित भएका छौं ।

२. हामीहरू आफ्ना दैनिक जीवनमा मानवअधिकारको संरक्षणको निम्ति अन्तर्राष्ट्रिय र क्षेत्रीय संयन्त्रहरूमा प्रत्याभूत अधिकारहरूको भावना विश्वभरि नै व्यवहारमा लागू गरिएको सुनिश्चित गर्न कटिबद्ध छौं ।

३. मानवअधिकार विश्वव्यापी, अविभाज्य र अहरणीय हुनुका साथै हामीहरू र हाम्रा सन्ततिहरूलाई एकै ठाउँमा ल्याउने, सबै पुरुष, महिला र बालबालिकाको जन्मसिद्ध अधिकार र मानव जातिको संस्कार हो भन्ने कुरामा हामी जोड दिन्छौं ।

४. हामीहरू, विगत ५० वर्षमा बढ्दो संख्यामा मानवअधिकार रक्षकहरूले गरेको कार्यहरूको निम्ति, नयाँ सम्भावनाहरू उजागर गर्नका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार रक्षकहरूको प्रभावलाई उल्लेखनीयरुपमा सुदृढ तुल्याएको यथार्थलाई स्वागत गर्दछौं ।

५. हामीहरू यो कुरामा विश्वास गर्दछौं- मानवअधिकारको विश्वव्यापी घोषणापत्र सबै देश तथा जनताहरूको उपलब्धिको परिचायक हो, जसले वर्तमान तथा भविष्यको निम्ति मानव गरीमा सहित समाजमा बाँच्नको निम्ति आवश्यक सिद्धान्तहरू स्थापित गर्नका साथै मानवअधिकारको

विश्वव्यापी घोषणापत्रलाई एउटा विवादरहित, नैतिक तथा कानुनी दस्तावेजको रुपमा स्थापित गर्दछ ।

६. हामीहरू यो कुराको बोध गर्दछौं- मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको ५० वर्ष यता पनि मानवअधिकारको उपेक्षा र अवहेलना दैनिक वास्तविकता भएको छ, जसमा कैयौं व्यक्तिहरू प्रताडित हुन बाध्य छन् । साथै मानवअधिकार उल्लंघनको नमूना बढ्दोरुपमा विविध र जटिल हुँदै गइरहेकोछ, जसमा विश्वबजारीकरणको सन्दर्भमा, विशेष गरी आर्थिक पक्ष लगायत विविध अन्य पक्षहरूले कार्य गरिरहेका छन् ।

७. हामीहरू यी कुराको पुष्ट गर्दछौं :

७.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय मानवअधिकारमा उल्लिखित सम्पूर्ण मानवअधिकार कार्यान्वयन गरिएको सुनिश्चित गर्ने उत्तरदायित्व सरकारहरूको हो,

७.२ भियना घोषणा र कार्य योजना (Vienna Declaration and Plan of Action) मा उल्लेख गरिएबमोजिम मानवअधिकार अन्तर्राष्ट्रिय समुदायको सरोकारको विषय हुनुका साथै ती अधिकारहरू व्यवहारमा लागू गर्नका निम्ति, त्यस समुदायका सबै अन्तरसरकारी र संगठनहरू, वित्तीय संस्थाहरू, बहुराष्ट्रिय संस्थान तथा निजी व्यवसायहरूले कार्य गर्नुपर्दछ ।

७.३ मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय मानवअधिकार संयन्त्रहरूमा उल्लिखित अधिकार ती दस्तावेजहरू बमोजिम नै सुरक्षित र प्रवर्द्धन गर्नु प्रत्येक व्यक्तिको अधिकार हो ।

८. हामीहरू, विभिन्न देशमा मानवअधिकार उल्लंघनको नाटकीय वास्तविकता र ती देशहरूले आफ्नो अन्तर्राष्ट्रिय छविको निम्ति गर्ने मीठो भाषणहरूको बीचको असामञ्जस्यताको, निन्दा गर्दछौं ।

९. हामीहरू साँस्कृतिक, धार्मिक र ऐतिहासिक विशेषताको नाममा वा निश्चित राष्ट्रिय सुरक्षाको सवालको नाममा गलत तरिकाले आर्थिक, सामाजिक, साँस्कृतिक तथा विकासको अधिकार विरुद्ध नागरिक तथा

राजनीतिक अधिकारहरूलाई उभ्याउने तथा आर्थिक, सामाजिक, साँस्कृतिक तथा विकासको अधिकारलाई अस्वीकार गर्ने केही राष्ट्रहरूको प्रयासको निन्दा गर्छौं ।

१०. हामीहरू, आर्थिक तथा सामाजिक असुरक्षाको निन्दा गर्छौं, जुन असुरक्षा, आफ्नो गम्भीरतम् उच्च गरीबी र अवहेलनाको रुपमा प्रकट भई, मानवअधिकार उल्लंघनको रुप लिन्छ । हामीहरू यो कुरामा जोड दिन्छौं कि उच्च गरीबीको चपेटामा रहनुपरेका व्यक्तिहरू, सबै किसिमका मानवअधिकार उल्लंघनमा पर्नेहरू मध्ये प्रमुख हुन् तथा बाँच्नको निम्ति उनीहरूले दैनिकरुपमा गर्नु परेको संघर्षले उनीहरूलाई मानवअधिकार रक्षकहरूको श्रेणीमा ल्याउँदछ ।

११. हामीहरू सरकारहरूले दण्डहीनतालाई अन्त्य गर्न नसकेको कुराको निन्दा गर्दछौं जसले मानवअधिकार प्रतिको पूर्ण सम्मानमा बाधाको रुपमा काम गर्नका साथै मानवअधिकार रक्षकहरूको कार्यमा पनि बाधा ल्याउँछ । हामीहरू अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाको स्वागत गर्दछौं तथा राज्यहरूलाई त्यसको विधान तुरुन्त अनुमोदन गरी, उक्त अदालतले सक्षमतापूर्वक प्रभावकारी कार्य सुनिश्चित गर्न आव्हान गर्दछौं ।

१२. हामीहरू यो कुराको पुष्टी गर्दछौं कि मानवअधिकारहरूको प्राप्ति, हिजो जस्तै आज पनि हामीहरू बाँच्ने, काम गर्ने र क्रियाशील रहने कार्यको साझा उद्देश्य हो तथा हामीहरू यो विश्वासमा अडिग छौं कि सबैको मानवअधिकारहरूको प्राप्ती नभएसम्म हामीहरूले चाहेको शान्ति एवं सुरक्षा अप्राप्य नै रहन्छ ।

१३. हामीहरू सबैलाई व्यक्तिगत वा सामूहिकरुपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संयन्त्रहरू, विशेषगरी संयुक्त राष्ट्र संघले ग्रहण गरेको मानवअधिकार रक्षकहरूको सुरक्षा सम्बन्धी घोषणापत्रको कार्यान्वयनको निम्ति योगदान गर्न आव्हान गर्दछौं ।

१४. हामीहरू यो कुरा प्रति खेद व्यक्त गर्दछौं कि विश्वका मानवअधिकार रक्षकहरूको संख्या र प्रभावमा वृद्धि सँगसँगै, तिनलाई दबाउन गरिएका प्रयोग पनि नियोजित हुँदै आइरहेकाछन् ।

१५. हामीहरू यो कुरा प्रति खेद व्यक्त गर्दछौं कि ती नियोजित दमनकारी उपायहरूले गर्दा केही देशहरूमा महिला तथा पुरुषहरूले राष्ट्रिय स्तरमा मानवअधिकार र मौलिक हकको संरक्षण र सम्बर्द्धन गर्न पाएका छैनन् ।

१६. हामीहरू विशेष गरी यो कुराको निन्दा गर्दछौं कि मानवअधिकार रक्षकहरू, तिनको आँखाको तारो बनेका छन् जसको शासन र अभ्यासहरूको विरोध त्यस्ता रक्षकहरूले गर्दछन् तथा उनीहरू आ)फ्नो प्रतिवद्धताको कारणले हत्या, जबरजस्ती बेपत्ता पारिने घटना, यातना, स्वेच्छाचारी थुना, निष्पक्ष सुनुवाइको अधिकारको उल्लंघन, अभिव्यक्ति, विचार, मेलजोल, भेला हुने, प्रदर्शनी गर्ने, अभियान चलाउने, गोप्यताको अधिकार, रोजगारको अधिकार, रोजगार दिने अधिकार, घर बनाउने, शिक्षा, संस्कृतिको अधिकारहरूको उल्लंघनमा पर्नका साथै बढ्दोरुपमा आ)फ्नो गाउँ छाड्न बाध्य पारिने वा जबरजस्ती विस्थापित गरिने वा अमानवीय र अपमानजनक स्थितिमा रहन बाध्य पारिने जस्ता घटनाहरूको शिकार हुन्छन् ।

१७. हामीहरू प्रसारपूर्व परीक्षण तथा प्रकाशनहरू जफत गर्ने, बदनाम गर्ने, प्रशासनिक तथा प्रहरी हताशा, तर्साउने,फौजदारी अभियोगमा फसाउने, "आतंकवादी" समूहहरूसँग सम्बद्ध भएको देखाउने, संघ संस्था खोल्न वा दर्ता गर्न निषेध गर्ने, सूचनासम्मको पहुँच र तिनको प्रवाहको अधिकारहरूमा कानुनी तथा प्रशासकीय व्यवधान खडा गर्ने, आर्थिक सहायता लिने तथा तिनको प्रयोग गर्ने कार्यमा निगरानी तथा नियन्त्रण राख्ने, सरकारबाट सरकार-नियन्त्रित गैरसरकारी संस्थाहरू खडा गर्ने, आपतकालीन स्थिति वा सार्वजनिक सुरक्षा आवश्यकताहरूमा निर्भर रहने, तथा मानवअधिकार रक्षकहरू विरुद्ध मानवअधिकार उल्लंघन गर्नेहरूप्रति दण्डहिनताको अभ्यास लगायत सरकारहरूले मावअधिकार रक्षकहरूको सही कार्य रोक्नको निमित्त सुनियोजित अभ्यास र उपायहरूमा गरेको बृद्धिको निन्दा गर्दछौं ।

१८. हामीहरू ती व्यक्तिहरूप्रति आप)नो ऐक्यबद्धता प्रदर्शन गर्छौं जसको

अधिकारहरूप्रति दमनले उनीहरू मानवअधिकार संरक्षणको निम्ति सृजित संयन्त्रहरूसम्म पुग्न सक्दैनन् ।

१९. हामीहरू सरकारहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरू अन्तर्गत आफ्नो दायित्व पूरा गर्न र मानवअधिकार रक्षकहरूको स्वतन्त्रतापूर्वक कार्य गर्ने अधिकारप्रति सम्मान व्यक्त गर्न र तिनको सम्मान गरिएको सुनिश्चित गर्न आव्हान गर्दछौं । र, तिनको निम्ति निम्नलिखित कार्यहरू गर्न जोड दिन्छौं-

१९.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्र र आफूले हस्ताक्षर गरेका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय मानवअधिकार संयन्त्रहरू बमोजिम मानवअधिकार संरक्षण र सम्बर्द्धन गर्ने स्वतन्त्र र प्रभावशाली अभ्यासमा बाधा खडा नगर्ने आफ्ना दायित्व पूरा गर्न,

१९.२ विशेष गरि आफ्ना राष्ट्रिय कानुनहरू मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मानवअधिकार संयन्त्रहरू बमोजिम उक्त अधिकारको प्रत्याभूति गर्न आवश्यक उपायहरू अवलम्बन गर्न तथा ती अधिकारहरूको अभ्यास गर्नेहरूको संरक्षण गर्न र,

१९.३ राज्यहरूको कृयाकलाप वा हेलचेक्रयाईं विरुद्धका साथै सशस्त्र समूह, निजी समूह वा व्यक्तिहरूबाट हुने हिंसा तथा मानवीय गरीमामा चोट पुऱ्याइने खालका घटनाहरूबाट सुरक्षा प्रदान गर्न ।

२०. हामीहरू क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई मानवअधिकार रक्षकहरूको सुरक्षा गर्न तथा त्यसको निम्ति त्यस्ता रक्षकहरूको स्वतन्त्रतापूर्वक कार्य गर्ने अधिकारको प्रभावशाली प्रत्याभूति गर्न तथा तिनलाई हरेक किसिमका दमनबाट सुरक्षा दिन, आवश्यक संयन्त्रहरू स्थापना गर्न आव्हान गर्दछौं,

र त्यसको निम्ति-

२०.१ संयुक्त राष्ट्रसंघको साधारण सभाले अन्तत : १० डिसेम्बर १९९८ का दिन मानवअधिकार रक्षकहरूको सुरक्षाको निम्ति ग्रहण गरेको

घोषणाको स्वागत गर्दछौं, जसको तयारी १३ वर्षदेखि चलिरहेको थियो ।

२०.२ हामीहरू राज्यहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उक्त घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गरिएको सुनिश्चित गर्न, अविलम्ब आवश्यक उपायहरू अवलम्बन गर्न आव्हान गर्दछौं ।

२१. हामीहरू यो कुराको पुनर्पुष्टी गर्दछौं कि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित अधिकारहरूको प्राप्ती सबैको दायित्व हो, साथै हामीहरू निजी व्यापारी संस्था, बहुराष्ट्रिय कम्पनीहरू तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई, तिनको रणनीति तथा परियोजनाहरूले नागरिक, साँस्कृतिक, आर्थिक, राजनीतिक तथा सामाजिक अधिकारहरूको प्राप्ति तर्फ योगदान गर्ने र मानवअधिकार रक्षकहरूको कार्य गर्ने स्वतन्त्रतामा व्यवधान नपुऱ्याउने तर्फ योगदान गरेको सुनिश्चित गर्न आव्हान गर्दछौं ।

२२. अन्त्यमा हामीहरू सबै उमेरका तथा समाजका, सबै पक्षका महिला तथा पुरुषहरूलाई आ)फ्नो समाजको दैनिक जीवनमा मानवअधिकार प्रति सम्मान हुने र अधिकारहरूको प्रवर्द्धन हुने कार्यमा संलग्न हुन जोड दिनका साथै वर्तमान एवं भावी पुस्ताका निम्ति मानवअधिकारको विश्वव्यापी घोषणापत्रले राखेको उच्च आकांक्षालाई, कार्यान्वयन गर्नको निम्ति हाम्रो प्रयासमा सरिक हुन आव्हान गर्दछौं । ■

Resource Centre
10
Insec

मानवअधिकारको विश्वव्यापी घोषणा

१० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसंघको महासभाको निर्णय नं. २१७ *(III)* द्वारा पारित तथा घोषित

प्रस्तावना

मानव परिवारका सबै सदस्यहरुको अन्तर्निहित मर्यादा तथा सामान र अहरणीय अधिकारहरुको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकाले,

मानवअधिकारहरुप्रति अवहेलना तथा अनादरको परिणामबाट नै बर्बरतापूर्ण कामहरु भई मानव जातिको अन्तःरस्करणमा चोट पुऱ्याइएको हुनाले र मानिसहरुले आस्था र वाक स्वतन्त्रता तथा भय र अभावबाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको उच्चतम् घोषित आकांक्षा भएकाले,

अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसले मठामून् भन्ने हो भने मानवअधिकारहरु कानुनी शासनद्वारा संरक्षित रहनु अति आवश्यक भएकाले,

राष्ट्रहरुबीच मैत्रीपूर्ण सम्बन्धको अभिवृद्धि गर्न आवश्यक भएकाले,

संयुक्त राष्ट्रका जनताहरुले मानवका मौलिक अधिकारहरु र मनुष्यको मान तथा कदर नर-नारीको समान अधिकारहरुप्रति अधिकार पत्रमा पुर्नःविश्वासको पुष्ट्याई गरी बढी स्वतन्त्रताको आधारमा सामाजिक प्रगति एवं जीवनको स्तर बढाउन निश्चय गरेकोले,

सदस्य राष्ट्रहरुले संयुक्त राष्ट्रसंघको सहयोगमा मानवअधिकार र मौलिक स्वतन्त्रताप्रति विश्वव्यापी सम्मान वृद्धि गर्ने एवम् पालन गर्ने प्रतिज्ञा गरेकाले र,

यो प्रतिज्ञा पूरा गर्न यी अधिकार एवम् स्वतन्त्रताबारे साझा समझदारीको जानकारी राख्नु अत्यन्त आवश्यक भएकोले,

अब, यसकारण,

सदस्य राष्ट्रहरु र ती राष्ट्रहरुका नियन्त्रणमा रहेका प्रादेशिक खण्डका जनताहरुमा समेत ती अधिकार र स्वतन्त्रताहरुको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्नका लागि प्रत्येक व्यक्ति र समाजको हरेक अंगले यस घोषणालाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील कदमहरुद्वारा यो अधिकार र स्वतन्त्रताहरुप्रति शिक्षा तथा दीक्षाद्वारा श्रद्धा बढाउन प्रयत्न गरुन् भनी यो महासभा मानवअधिकारको यस विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रका निमित्त एउटा साझा मापदण्डका रुपमा घोषणा गर्दछ ।

धारा १

सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र हुन् ती सबैको समान अधिकार र महत्व छ । निजहरुमा विचार शक्ति र सद्विचार भएकोले निजहरुले आपस्तमा आफन्तको भावनाबाट व्यवहार गर्नुपर्छ ।

धारा २

जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अरु विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरु कुनै हैसियतको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरुमा राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन ।

धारा ३

प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्मसुरक्षाको अधिकार हुनेछ ।

धारा ४

बाँधा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दासदासीको व्यापार प्रत्येक रुपमा निषेध गरिएको छ ।

धारा ५

कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने छैन तथा निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

धारा ६

कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुनेछ ।

धारा ७

कानुनको दृष्टिमा सबै समान छन् र विना भेदभाव सबै कानुनको समान संरक्षणका अधिकारी हुनेछन् । यस घोषणालाई उल्लंघन गरी गरिएको वा उक्साइएको भेदभाव विरुद्ध समान संरक्षणको अधिकारी सबै हुनेछन् ।

धारा ८

संविधान वा कानुनद्वारा दिइएको मौलिक अधिकारहरु भंग गर्ने कार्यहरु विरुद्ध योग्य राष्ट्रिय अदालतको प्रभावोत्पादक उपचारको सबैलाई अधिकार हुनेछ ।

धारा ९

कसैलाई पनि मनोमानी ढंगले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन ।

धारा १०

कुनै व्यक्ति उपर लगाइएको फौजदारी आरोपको विरुद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनवाईको हक प्रत्येक व्यक्तिलाई समान रुपले हुनेछ ।

धारा ११

(१) दण्डनीय अपराधको आरोप लागेको व्यक्तिलाई बचाउको निमित्त सबै आवश्यक सुविधाहरु दिएको खुल्ला अदालतले कानुन अनुसार अपराधी नठहराउञ्जेल निज निरपराध मानिने छ ।

(२) कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तरगत अपराध मानिदैन भने त्यस्तो कामप्रति कुनै पनि व्यक्ति दोषी ठहराइने छैन र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन ।

धारा १२

कुनै पनि व्यक्तिको गोप्यता, परिवार, घर वा पत्र व्यवहारप्रति मनोमानी हस्तक्षेप गरिने छैन र कसैको सम्मान तथा ख्यातिमाथि आघात पुऱ्याइने छैन र त्यस्तो हस्तक्षेप वा आघातको विरुद्ध प्रत्येक व्यक्तिलाई कानुनी संरक्षणको अधिकार हुनेछ ।

धारा १३

(१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरु कुनै देश छोड्ने र आफ्नै देशमा फिर्ता आउने पूर्ण अधिकार छ ।

धारा १४

(१) लगाइएको अभियोगबाट बच्न प्रत्येक व्यक्तिलाई अरु देशमा राजनीतिक शरण खोज्ने र लिने अधिकार छ ।

(२) संयुक्त राष्ट्रसंघको उद्देश्य र सिद्धान्त विपरीत कार्यहरु वा अराजनीतिक अपराधहरुको अभियोगको सम्बन्धमा यो अधिकार प्रयोग गर्न सकिने छैन ।

धारा १५

(१) प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ ।

(२) कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको नागरिकताबाट बञ्चित गरिने छैन र नागरिकता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन ।

धारा १६

(१) जाति, राष्ट्रियता वा धर्मको भेदभाव विना वयस्क स्त्री-पुरुषहरुलाई आपसमा विवाह गर्ने वा परिवार स्थापना गर्ने अधिकार छ । विवाहको विषयमा वैवाहिक जीवनमा तथा विवाह विच्छेदमा तिनीहरुको समान अधिकार हुनेछ ।

(२) विवाहको इच्छा राख्ने स्त्री-पुरुषको पूर्ण स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ ।

(३) समाजको स्वभाविक र आधारभूत सामूहिक एकाई परिवार हो र समाज र राज्यद्वारा संरक्षण पाउने अधिकार यसलाई छ ।

धारा १७

(१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार छ ।

(२) कुनै व्यक्तिको सम्पत्ति मनोमानी ढंगले अपहरण गरिने छैन ।

धारा १८

प्रत्येक व्यक्तिलाई विचार, मत र धार्मिक स्वतन्त्रताको अधिकार छ । धर्म वा मत बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रुपमा एक्लै वा समूहमा आफ्नो धर्म र मतलाई शिक्षा, आचरण, पूजा र पालनद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तरगत सम्मिलित छ ।

धारा १९

प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र प्रकाशनको अधिकार छ । विना कुनै हस्तक्षेप मत ग्रहण गर्ने र विना रोकतोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

धारा २०

(१) शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

(२) संस्थाको सदस्य बन्न कुनै व्यक्तिलाई बाध्य पार्न सकिने छैन ।

धारा २१

(१) देशको शासनमा, प्रत्यक्ष वा स्वतन्त्र रुपले चुनिएका प्रतिनिधिद्वारा भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई निजको देशको सार्वजनिक सेवाहरुमा प्रवेशाधिकारको समान हक छ ।

(३) सरकारको शासन सत्ताको आधार जनताको इच्छा हुनेछ र यस्तो इच्छा सर्वव्यापी समान मताधिकारद्वारा समय-समयमा हुने निष्पक्ष चुनावद्वारा अभिव्यक्त गरिने छ र त्यस्तो चुनाव गोप्य वा त्यसै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिने छ ।

धारा २२

समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिको सम्मान र व्यक्तित्वको स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार अन्तर्राष्ट्रिय सहयोग र राष्ट्रिय प्रयत्नद्वारा राष्ट्रको संगठन र साधनअनुसार उपभाग गर्ने अधिकार प्रत्येक व्यक्तिलाई छ ।

धारा २३

(१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी छनौट गर्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेकारीबाट सुरक्षा पाउने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिले विना भेदभाव समान कार्यको लागि समान ज्याला पाउने छ ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय अधिकार अनुकूल गौरवान्वित आजीविकाको बन्दोवस्तका लागि उचित र अनुकूल

पारिश्रमिक र अन्य प्रकारको सामाजिक संरक्षणद्वारा त्यसको पूर्ति गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई निजको हितको रक्षाका निमित्त ट्रेड यूनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार हुनेछ ।

धारा २४

मुनासिव माफिकको काम गर्ने घण्टाको हदबन्दीभित्र प्रत्येक व्यक्तिलाई सवैतनिक आवधिक बिदा र विश्रामको अधिकार छ ।

धारा २५

(१) प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ र यसअन्तरगत खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरु र आवश्यक सामाजिक सेवाहरु पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्ति बाहिरको अरु कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

(२) मातृकाल वा बाल्यवस्थामा रहेका प्रत्येक मानिसलाई विशेष हेरचाह र सहायता प्राप्त हुनेछ । विवाहिता र अविवाहिता आमाबाट जन्मेका दुवै शिशुहरुले समान सामाजिक संरक्षणको उपभोग गर्न पाउने छन् ।

धारा २६

(१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक तथा आधारभूत चरणहरुमा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ । योग्यताको आधारमा उच्चस्तर शिक्षा सबैलाई समान रुपले उपलब्ध हुनेछ ।

(२) मानवको व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्नेतर्फ शिक्षाको प्रसार गरिनेछ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरुको बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइने छ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरुलाई बढाइने छ ।

(३) छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुनेछ ।

धारा २७

(१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको साँस्कृतिक जीवनमा भाग लिने, कलाहरुको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेका सुबिधाहरुको उपभोग गर्ने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिलाई निजले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक र भौतिक उपलब्धिहरुको संरक्षणको अधिकार हुनेछ ।

धारा २८

यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताहरु पूर्ण रुपले प्राप्त गर्नको लागि प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ ।

धारा २९

(१) प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरु छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास सम्भव छ ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरुको अधिकार स्वतन्त्रताहरुप्रति पनि आदर र मान्यता दिनु पर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरु प्राप्त गर्ने उद्देश्यले मात्र कानुनद्वारा निश्चित गरिएको सीमाभित्र रहनु पर्नेछ ।

(३) यी अधिकार र स्वतन्त्रताहरु संयुक्त राष्ट्रसंघको सिद्धान्त र उद्देश्यको विपरीत कुनै हालतमा उपभोग गर्न सकिने छैन ।

धारा ३०

कुनै राष्ट्र, समूह वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरुलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणालाई व्याख्या गर्न सकिने छैन ।

(इन्सेक)
अनौपचारिक क्षेत्र सेवा केन्द्र
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६
फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेब-साइट : www.insec.org.np